साहसिक पत्रकारिता
संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY
www.saharatimes.com.np
राष्ट्रिय पाक्षिक

• वर्ष १६, • पूर्णाङ्क ३३९, • अंक ९ • २०८१ साल माघ १-१५ गते • (14 January, 28 January, 2024) • मूल्य रु. १०





# १८ वर्ष अघिको लहान

लहान भन्ने बित्तिकै हरेकको मनमा आन्दोलनको सम्झना आउछ। लगातार झण्डै एक वर्षसम्म चलेको मधेश आन्दोलनको सुरुवाता सिरहाको लहानबाट २०६३ माघ ५ गतेदेखि भएको थियो। माघ २ गते काठमाडौँबाट सुरु भएको सो आन्दोलन माघ ५ गते लहानबाट विद्रोहको रुप लिएको थियो।  सरकारले २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ जारी गरेको थियो। उक्त संविधानको विरोध गर्दै तत्कालिन मधेसी जनअधिकार फोरमले माघ २ गते अन्तरिम संविधान जलाएर आन्दोलनको घोषणा गरेको थियो। संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना हुनुपर्ने, संविधानसभाको लागि समानुपातिक निर्वाचन प्रणाली लागु हुनुपर्ने लगायतका मागहरू राख्दै फोरमका अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा काठमाडौंमा माघ २ गते अन्तरिम संविधान २०६३ जलाइयो। तत्काल उपेन्द्र यादवसहित पक्राउ परेका मधेसी नेताहरूलाई सार्वजनिक अपराधको मुद्दा लगाई सरकारले १० दिने हिरासतमा राख्यो। अन्तरिम संविधानको विरोध गरेर फोरमले माघ २ गते मधेस बन्दको कार्यक्रम पनि राखेको थियो।

काठमाडौंमा माघ २ गते अन्तरिम संविधान जलाएर प्रदर्शनी गर्नेमध्ये २८ जनालाई प्रहरीले पक्राउ गरेको थियो। पक्राउ पर्नेहरुमा तत्कालिन फोरमका अध्यक्ष उपेन्द्र यादव, अवधेश कुमार सिंह, राजकिशोर सिंह, अमरेश नारायण झा, रामेश्वर राय यादव, निलम बर्मा सहित १४ जनालाई सार्वजनिक अपराधको ऐन अन्तर्गत मुद्दा चलायो। पक्राउ परेका नेता छुटाउनका लागि दबाब दिन माघ ३ गते सिरहाको लहानमा दिउँसो केही घण्टा चक्का जाम भएको थियो। माघ ५ गते लहानमा चक्का जाम गरेर बसेका फोरमका नेता तथा कार्यकर्ताको पूर्ववाट चितवनको एक कार्यक्रममा सहभागि हुन गएका माओवादीहरूको एउटा समुहसंग विवाद हुँदा माओवादीका तर्फवाट चलेको गोलीले आन्दोलनमा सहभागि विद्यार्थी रमेश महतोको हत्या भएको थियो। त्यसपछि सिरहाको लहानबाट भएको मधेस आन्दोलनले विद्रोहको रूप लिएको थियो।

त्यस्तै, संविधान जलाउँदा पक्राउ परेकाहरुलाई रिहाइको माग गर्दै सिरहामा कार्यरत १० वटा संघसंस्थाहरूले विज्ञप्ती जारी गरेका थिए। मानव अधिकारवादी संघसंस्थाहरूले देश अहिले संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेका कारण लोकतान्त्रिक सरकारले विरोधका आवाजलाई सकारात्मक रूपमा लिई संयमताका साथ अघि बढ्न र मधेशी समुदायको समस्या प्रति गम्भीर हुन समेत आग्रह गरिएको थियो। सो विज्ञप्तीमा यस किसिमको सरकारको कार्यवाहीले जातिय रूपमा साम्प्रदायिक भडकाव उत्पन्न हुने खतरा भएको हुदाँ समस्यालाई वार्ता र सहमतिद्वारा समाधान खोज्न नेपाल सरकार र आन्दोलित पक्ष फोरमलाई समेत आग्रह गरिएको थियो। सिरहा

बाँकी पृष्ठ ८ मा



## मधेश आन्दोलनको रणनीति बदलौं

पृष्ठ ३

## अन्तिम लडाई जित्नका लागि एकता र सहकार्य आवश्यक छ

पृष्ठ ५



अभिमत

# सम्पादकीय

## मधेशमा एकताको आवश्यकता

मधेशमा एकपटक पुनः ध्रुवीकरणका लागि पहल भइरहेको छ। एउटा अर्को मधेश आन्दोलन गर्नका लागि मधेश केन्द्रीत दलहरुको बिचमा पहल सुरु भएको छ। त्यसको पहल जनता प्रगतिशिल पार्टीका अध्यक्ष हृदयश त्रिपाठीले गर्नुभएको छ। लामो समय मधेशको राजनीति गर्नुभएका अनुभवी नेता त्रिपाठीले थालेको पहललाई दलहरुले सकारात्मक रुपमा लिएका छन् र जुट्न पनि थालेका छन्। नेताहरुले आआफ्नो पार्टीमा वार्ताका लागि वार्ता समिति समेत बनाइ सकेका छन्। हरेक मधेशवादी दलहरु कमजोर भइसकेका छन्। हरेकको अस्तित्व संकटमा छ। यो कमजोर अवस्थामा एक्ला एक्लै लडाइ लडेमा केही पनि प्राप्त हुँदैन बरु गुम्ने खतरा हुन्छ। त्यसैले लडाई जित्नका लागि एकता आवश्यक छ भन्दै मधेशवादी दलहरु अहिले कम्मर कसेर त्यसमा लागेका छन्। देशले प्रत्येक १०-१० वर्षमा परिवर्तन चाहन्छ। केही न केही नयाँपन चाहन्छ।

देशमा परिवर्तन आएको झण्डै २० वर्ष हुन लागेको छ। तर संस्थागत भएको १० वर्ष मात्र भएको छ। २०६२/०६३ को जनआन्दोलनपछि देशमा परिवर्तन आएको हो। त्यसलाई मलजल दिने काम १० वर्षे जनयुद्ध तथा लामो समय चलेको मधेश विद्रोहले पनि गरेका छन्। सबैको साथ र सहयोगबाट देशमा परिवर्तन आयो। २०७२ मा संविधानसभाबाट संविधान जारी भयो। भलै त्यो संविधान सर्वस्विकार्य भएन। तर आधारभुत कुराहरु जस्तै, संघीयता, गणतन्त्र, समावेशी समानुपातिक, धर्मनिरपेक्षता जस्ता कुरा संविधानमा नै उल्लेख गर्‍यो। संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत २०७२ मा भएको मान्न सकिन्छ। त्यस हिसाबले १० वर्ष भयो। जनताले त्यसमा केही चेन्ज चाहन्छन्। संविधानमा केही कुरा छैन जसले जनता अधिकार सम्पन्न महुसस गरिरहेका छैनन्। जनताले मात्र होइन, राजनीतिक दल जसले यो संविधान बनाए त्यसलाई पनि अब यो संविधान संशोधन गर्नुपर्छ भनि लागेको छ। संविधान संशोधन भएन भने अरु कुनै राजनीतिक परितर्वन हुनसक्छ।

जनविद्रोहका पनि सम्भावना छ। त्यसका लागि शक्ति चाहिन्छ। सानो सानो समूहमा रहेर आन्दोलन गर्नुभन्दा एउटै मोर्चा, एउटै मञ्चमा आएर एउटा एजेण्डामा संयुक्त आन्दोलन गर्‍यो भने त्यसले राम्रो प्रभाव पार्छ र नतिजा पनि राम्रो दिन्छ। त्यसका लागि विभिन्न ठाउँबाट प्रयास भइरहेको छ। मधेशवादी दलहरु जबजब संगठित भएर लडाइ लडे, तब तब केही न केही प्राप्त गरेका छन्। एक्लै एक्लै लड्दा केही न केही गुमाएका छन्। सुरुमा उपेन्द्र यादवले मधेशी जनअधिकार फोरम नेपालबाट एक्लै आन्दोलन गर्नुभएको थियो। तर त्यसलाई राज्य टेरेन। त्यसपछि उहाँले महन्थ ठाकुर र राजेन्द्र महतोलाई साथमा लिएर अर्को मधेश आन्दोलन गर्नुभएको थियो त्यसपछि मात्र केही सफलता हात लागेको थियो।

पहिलो संविधानसभा रहँदासम्म मधेशी, आदिवासी जनजातिलगायत समुदाय तथा वर्गले मिलेर संविधान निर्माणमा दबाव बढाइ रहेको थियो। त्यो दबाबका कारण अग्रगमन संविधान बन्ने सम्भावना बढेको थियो। त्यसपछि षड्यन्त्र गरेर संविधानसभा नै भंग गरिएको थियो। दोस्रो संविधानसभाको चुनाव हुनुअघि मधेशवादी दलहरु टुक्रा टुक्रामा विभाजित भइसकेका थिए। त्यसको नतिजा हो २०७० को दोस्रो संविधानसभा चुनावमा राम्रो नतिजा ल्याउन सकेन। मधेशवादी दलसँग भएको सम्झौता तथा अन्तरिम संविधानमा भएको व्यवस्था अनुसार पनि संविधान निर्माण हुने अवस्था नदेखेपछि मधेशवादी दलहरु मोर्चा बनाएर आन्दोलन सुरु गरेका थिए। आन्दोलन पिकमा गयो। देशमा नाकाबन्दीसम्म पनि भयो तर अन्त्यमा गएर बिना सहमति आन्दोलन स्थगित भयो। त्यसबेलादेखि मधेशवादी दलहरुले एक्लाएक्लै पटक पटक आन्दोलन उठाउने प्रयास गरे। तर सकेनन्। त्यसले गर्दा दलहरु दिनदिनै कमजोर हुँदै गए। प्राप्त उपलब्धी पनि गुम्ने अवस्था आएपछि संयुक्त रुपमा संघर्षका लागि एकीकृत हुने प्रयास थालेका छन्। र त्यो अहिलेको आवश्यकता पनि हो।

## तथ्यांक आफै बोल्छ

**नेपालले विप्रेषणको रुपमा वैदेशिक रोजगारीबाट विगत १० वर्षमा भित्र्याएको रकम**

| क्रस | आर्थिक वर्ष (सन्) | विप्रेषण (विलियनमा) | कुलग्रास्थ उत्पादनको अंश (प्रतिशत) |
|---|---|---|---|
| १ | २०११/१२ | ५५६.१२ | २३.२ |
| २ | २०१२/१३ | ६३४.०५ | २४.०३ |
| ३ | २०१३/१४ | ७९८.१५ | २८.३ |
| ४ | २०१४/१५ | ८३८.६८ | ३०.५ |
| ५ | २०१५/१६ | ६६५.१ | २५.५ |
| ६ | २०१६/१७ | ६९५.५ | २२.६ |
| ७ | २०१७/१८ | ७५५.१ | २१.८ |
| ८ | २०१८/१९ | ८७९.३ | ३३.८ |
| ९ | २०१९/२० | ८७५.० | २२.४ |
| १० | २०२०/२१ | ६९२.१ | १२ |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०२०*

# पाठक पत्र

saharatimes.com.np@gmail.com




### दुई दलको मिलन प्रकृति विपरित

जब कुनै कुरा प्रकृति विपरित हुन्छन् त्यसले ढिलो चाँडो दिने प्रतिकृया नराम्रो नै हुन्छ। प्रकृतिसँग लामोसमयसम्म खेलबाड वा जवर्जस्ती गर्न सकिदैन। एउटा समयसम्म मात्र त्यसलाई नियन्त्रणमा राख्न सकिन्छ त्यसको नियन्त्रण पुरा भएपछि आफ्नो बाटो लाग्छ। एमाले र काँग्रेसको मिलन नै प्रकृति विपरित भएका हो। संसारमा कही नभएको जात्रा नेपालमा भएको छ। विश्वको राजनीतिमा कतैपनि दुई ठूला दल यसरी मिलेको देखिदैन। नेपालमा राजनीति विज्ञानको विपरित यो काम भएको हो। यो लामो समय चल्दैन भनि सुरुदेखि नै संकेत देखाइ सकेको थियो। नेपालको राजनीतिमा काँग्रेस र एमाले एक अर्काको प्रतिस्पर्धी दल हुन्। एक अर्कालाई कमजोर बनाउने खोज्ने दल सत्तामा कसरी मिल्यो ? यो नै प्रकृतिको नियम विपरित रहेको छ। यो दुईटा दल एक साथ रहेसम्म देशको हितमा कुनै पनि काम हुँदैन। सरकार गठन भएको ६ महिनाभन्दा बढी भइसकेको छ तर हालसम्म सरकारको प्रगति सन्तोषजनक छैन। यसै प्रष्ट हुन्छ कि दुवै दल एक ठाउँमा रहनु राम्रो होइन।

*बिक्रम अधिकारी, काठमाडौं, सिनामंगल*

### नेपालमा अमेरिका र चीनको मात्र चल्छ

नेपालमा धेरैलाई लाग्दो हो चीन र भारत बिच प्रतिस्पर्धा छ। चीनको मामिला भारतले हस्तक्षेप गर्छ, भारतको मामिलामा चीनले हस्तक्षेप गर्छ। तर नेपालमा अब त्यो अवस्था छैन। यहाँ नेपालमा चीन र अमेरिका बिच प्रतिस्पर्धा छ। भारत त मुकदर्शक भएर मात्र बसेको छ। चीनले अमेरिकाकै कारण बीआरआइ कार्यान्वयनमा ल्याएको छ। जसरी अमेरिकाले चीनलाई साइजमा ल्याउन, नेपालमा उसको प्रभाव कम गर्न एमसीसी परियोजना लागु गरायो त्यसरी नै चीन पनि त्यसको प्रतिस्पर्धामा बीआरआइ कार्यान्वयमा ल्याएको छ। बीआरआइ सम्झौता कार्यान्वयनमा हस्ताक्षर हुने बित्तिकै अमेरिकाका विदेश राज्यमन्त्री नेपाल भ्रमणमा आउनु नै धेरै कुराको संकेत गर्छ। नेपाली जनताले जति चिच्याए पनि बीआरआइ सम्बन्धी कुनै पनि दस्तावेज सार्वजनिक गरिएको थिएन। सन् २०१७ मा नेपाल र चीन बिच बीआरआइ विषयमा समझदारी भएको थियो। तर त्यसको कुनै पनि डकुमेन्ट्स बाहिर आएको थिएन। त्यस विषयमा संसदमा पनि कुरा उठ्यो तर न नेपाल सरकारले सार्वजनिक गरेको थियो न चीन सरकारले। तर जब यसमा अमेरिका लाग्यो र उसले भन्यो यसको डकुमेन्टस् बाहिर आउनुपर्छ जनताले थाह पाउनुपर्छ। अनि नेपालले सरकारले तुरुन्तै सार्वजनिक गर्‍यो। भन्नलाई त भारतले पनि पहिलादेखि नै डकुमेन्टस्हरु सार्वजनिक भनिरहेको थियो। तर सुनुवाइ भइरहेको थिएन। तर अमेरिकाको एउटै बोलीले कुरा बाहिर आयो। यसले पुष्टि हुन्छ कि नेपालमा अमेरिका र चीनको मात्र चल्छ।

*विनय महतो, राजविराज, सप्तरी*

# दस्तावेज

## जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले २०७९ मा सप्तरी-२ बाट जितेपछि जारी गर्नुभएको पहिलो प्रेसनोट

**धन्यवाद**

२०७९ मंसीर ४ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सप्तरी जिल्लाको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ बाट ऐतिहासिक रूपमा मलाई निर्वाचित गर्नु भएकोमा म सम्पूर्ण सप्तरीवासी प्रति आभार व्यक्त गर्दछु। यसमा सहयोग गर्नुहुने सम्पूर्ण समर्थक, शुभचिन्तक, नेता, कार्यकर्ता सहित सम्पूर्ण जनतालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**नयाँ युगको शुरुवात्**

यस निर्वाचनसँगै देश र मधेशको राजनीतिमा नयाँ युगको शुरुवात् भएको छ। यो विकासको युगको शुरुवात् हो। यो जनताराजको युगको शुरुवात् हो। यो सामुदायिक समाजवादको युगको शुरूवात् हो। यो जंगलराजको अन्त्य र सुशासनको पुगको शुरुवात हो। यो विभेद र अन्यायको युगको अन्त्य र सामाजिक न्यायको युगको शुरुवात् हो। यो समग्र जनताको जीत हो। जनअपेक्षा अनुसार काम गर्न र आफ्नो उत्तरदायित्व निर्वाह गर्न सदैव सम्पूर्ण जनताको सहयोग रहनेछ भन्ने कुरामा म विश्वस्त छु।

**सेवा आश्रम**

सप्तरी जिल्लाबाट प्रतिनिधिसभा सदस्यको हैसियतमा मेरो पहिलो जिम्मेबारी भनेको सप्तरीमा राजनैतिक संस्कृति र संस्कारको पुनर्उत्थान गर्नु हो। यसैको लागि पहिलो पाइलाको रूपमा मधेशका महान नेता आदरणीय स्व. श्री गजेन्द्र नारायण सिंहले चलाउँदै आउनुभएको सप्तरी सेवा आश्रमकै स्वरूपमा एउटा आश्रम संचालनमा ल्याई त्यसलाई जनतासँग दैनिक सम्पर्क स्थलको रूपमा प्रयोग गर्नुका साथै राजनैतिक जमघट, छलफल तथा प्रशिक्षण केन्द्रके रूपमा विकास गरिनेछ।

**१००% साक्षरताका लागि साक्षरता सेनानी गठन**

देशको साक्षरता दर करीब ६६% हुँदा सप्तरीको केवल ५४.५% रहेको छ र देशकै सबभन्दा कम साक्षरता दर भएका जिल्लाहरूमा सप्तरी पर्दछ। यस क्षेत्रबाट निर्वाचित प्रतिनिधिसभा सदस्यको रूपमा सप्तरी जिल्लालाई १००% साक्षर जिल्ला बनाउन युद्ध-स्तरमै काम गर्न साक्षरता सेनानी गठन र परिचालन गरिनेछ तथा कार्यकालको अन्त्यसम्ममा पूर्ण साक्षर जिल्ला बनाइनेछ।

**अन्य**

निर्वाचनको क्रममा हामीले वाचा गरेका शिक्षा, स्वास्थ्य, रोजगारी सहित किसान आन्दोलनका मागहरू सम्बोधन गर्ने सम्बन्धमा हामी गम्भीर छौ यसको लागि आवश्यक समन्वय र सहयोग गरिदिनुहुन हामी समस्त जनतासँग अपिल समेत गर्दछौं।

धन्यवाद सहित
अध्यक्ष
डा. सी. के. राउत
राष्ट्रिय अध्यक्ष, जनमत पार्टी
मिति २०७९ मंसीर ८ गते बिहीबार।

# फेसबुक



**अरविन्द यादव**

राज्य सत्ता आफ्नो वरिपरि राख्ने हैसियत भएको, नेपालको एक प्रमुख पार्टीको सशक्त महिला नेतृ चित्रलेखा यादव जो राज्य सत्ता सञ्चालन गर्ने ठाउँमा रहनुपर्ने व्यक्ति सत्ताको एउटा अभिन्न अङ्ग बनेर महामहिमको रूपमा जाने निर्णय गर्नुभयो ! यो निर्णयले सम्पूर्ण महिला नेतृलाई निराश बनाएको छ ! नेपालको सम्पूर्ण महिला प्रतिनिधित्वको लागि अन्याय कुरा हो ! नेपालकै टप मोस्ट महिला नेतृ वर्तमान नेपाली कांग्रेसका केन्द्रीय सदस्य रहेको पूर्व उपसभामुख एवं पूर्वमन्त्री भइसकेको चित्रलेखा यादव ज्यूको निर्णयबाट आज म दुःखको साथ पोस्ट गर्दैछु। जुन किसिमको निर्णय गर्नुभयो आउँदो महिला पुस्ताको लागि दुर्भाग्यको कुरा हो ! महामहिमज्यूको कार्यकाल सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

# चीनसँग लुकीछिपी भारतसँग खुलमखुला

जनता समाववादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवलाई एउटा आरोप लाग्ने गरेको छ त्यो हो 'चाइनिज प्रो' । मधेशी दलमा चीनको नजिक कुनै दल छ भने त्यो जसपा नेपाल र त्यसका अध्यक्ष उपेन्द्र यादव भनि आरोप लाग्ने गरेको छ तर त्यो कुराको पुष्टि गर्ने आधार कहीबाट देखिदैन ।

जसपा नेपालका अध्यक्ष यादवले आफ्नो मधेशी जनअधिकार फोरम नेपालको पहिलो महाधिवेशन वीरगञ्जमा आयोजना गरेको बेला चीनका डेलिगेटस् बोलाएपछि उहाँ चीन निकट रहेको चर्चा सुरु भएको हो । त्यो बेलादेखि उहाँलाई जहिले पनि चीनतिर देखाइ रहेका हुन्छन् । भारतले पनि उहाँलाई त्यही नजरले हेर्ने गरेको छ । तर विभिन्न खोजीनीति गर्दा पनि फेला नपरेको कुरा के हो भने उहाँ हालसम्म चीन भ्रमणमा पनि जानु भएको छैन ।

कहिले काही विभिन्न भ्रमणमा आफ्नो पार्टीबाट नेताहरुलाई पठाए पनि उहाँ चीनको कुनै भेटघाट वा गतिविधि वा भ्रमणमा संलग्न भएको फेला परेको छैन । यद्यपी स्रोतहरु भन्छन्, उहाँ नभेट्ने होइन तर चिनियाँ प्रतिनिधिलाई भेटेको कुरा त्यति बाहिर आउदैन । उहाँ चिनियाँ प्रतिनिधिलाई मात्र होइन, अन्य कसैलाई भेट्दा हतपत सूचना बाहिर ल्याउनु हुन्न । यद्यपी भेटघाट र कुराकानी पक्कै हुने गरेको स्रोतहरु बताउछन् । चीनसँग लुकीछिपी भेटेपनि भारतसँग उहाँ खुलमखुला भेटिरहनु भएको छ ।

सायद पछिल्लो समय उहाँले विदेश भ्रमण गर्ने देशहरुमध्ये सबभन्दा बढी भ्रमण गरिएको देश भारत नै हो । तैपनि उहाँमाथि चिनियाँ भएको आरोप लाग्दै आएको छ । उहाँ मौका पाउने बित्तिकै भारत गइरहनु हुन्छ । भारत भ्रमणमा गएपछि उहाँ दिल्लीमा त्यति इगेंज रहनु हुन्न । उहाँ विभिन्न राज्यको भ्रमण गर्दै नेताहरुसँग भेटघाट गरिहनु हुन्छ । कहिले कुनै कार्यक्रममा भाग लिन जानुहुन्छ भने कहिले आफ्नो नीजि भ्रमणमा जाने गर्नुहुन्छ ।

२०८० भदौंको पहिलो हप्ता निजी भ्रमणमा भारत जानु भएको उपेन्द्र यादव लामो समय उतै रहनुभयो । त्यतिबेला प्रचण्ड नेतृत्वको सरकारले गौर घटनाको फाइल खोलेको थियो । झण्डै दुई हप्ताभन्दा बढी समय भारतमा रहेर विभिन्न राज्यको भ्रमण गर्दै झारखण्ड हुँदै उहाँ नेपाल पस्नु भएको थियो ।

यसपटक पनि उहाँ पुस २१ गते अचानक भारत पस्नुभयो । भारतको उत्तर प्रदेशको लखनउ पुगेर त्यहाँका समाजवादी पार्टीका अध्यक्ष अखिलेश यादवसँग भेटेर नेपाल फर्किनु भएको छ । सो अवसरमा जसपा नेपालका अध्यक्ष यादवले अखिलेश यादवलाई जनकपुर आउन निम्तो दिनुभएको छ ।

उहाँ त्यतिबेला भारत भ्रमणमा जानुभयो जतिबेला सरकारको विरुद्धमा मधेशवादी दलले मधेशी मोर्चा बनाउने गृहकार्यमा लागेका छन् ।

पार्टीको कार्यक्रमलाई लिएर जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव बाँके पुग्नुभएको थियो । बाँकेको नेपालगञ्जबाट काम सकाएर जनकपुर फर्किनुको सट्टा उहाँ भारतको उत्तर प्रदेश छिर्नुभयो । उहाँका पार्टीका नेताहरु भन्नुहुन्छ, 'नेपालगञ्जबाट जनकपुर आउन बाटोका कारण समय लाग्ने भएकाले उहाँ भारत हुँदै जनकपुर आउनु भएको हो । भारत हुँदै जनकपुर आउने क्रममा बाटोमा परेको कारण उहाँले त्यहाँका नेता अखिलेश यादवलाई भेट्नु भएको हो ।'

मधेश आन्दोलनको क्रममा उत्तर प्रदेशको गोरखपुर पटक पटक पुगेर मुख्यमन्त्री योगी आदित्यनाथसँग भेटनु भएका अध्यक्ष यादव यसपटक समाजवादी पार्टीका अध्यक्ष अखिलेशसँग भेटेर फर्किनु भएको छ ।

भनिन्छ, 'योगी आदित्यनाथसँग उपेन्द्र यादवको सम्बन्ध अहिले बिग्रेको छ । उनी पुस २१ गते लखनउ पुगेर समाजवादी पार्टी नेपालका अध्यक्ष अखिलेश यादवलगायतका नेताहरुसँग भेटघाट गरी पुस २३ गते साँझ नेपाल आइपुग्नु भएको हो ।

बाँकी पृष्ठ ४ मा

# सार्कलाई लिएर ओलीलाई किन यतिसारो चिन्ता ?

भारतका विदेशमन्त्री एस.जयशंकरले नेपालका परराष्ट्रमन्त्री डा.आरजु राणा देउवालाई भन्नुभयो, 'क्या आप का देशका कोइ सैनिक के देहान्त के बाद भी आपलोग अपने देश मे सार्क सम्मेलन कराते ?' अर्थात यदि तपाईको देशमा कुनै सैनिकको मृत्यु भएपछि पनि तपाईले आफ्नो देशमा सार्क सम्मेलन गराउनु हुन्थ्यो भनि प्रश्न उहाँले गर्नुभएको थियो ।।

गत भदौंमा भारत भ्रमणमा गएको बेला परराष्ट्रमन्त्री आरजुले सार्क सम्मेलनको विषयमा त्यहाँका विदेशमन्त्री एस.जयशंकरसँग जिज्ञासा राख्दा उहाँबाट यस्तो प्रतिकृया आएको थियो । २०७३ मा जम्मु काश्मिरको उरीमा पाकिस्तानले आक्रमण गरेपछि १९ जना भारतीय सैनिकको ज्यान गएको थियो । त्यसैलाई संकेत गरी विदेशमन्त्री जयशंकरले परराष्ट्रमन्त्री आराजुलाई त्यो कुरा भन्नुभएको थियो ।

उरीको घटनापछि भारतले पाकिस्तानमा सार्क सम्मेलन भएपछि आफू नजाने भनेको थियो । त्यसबेलादेखि स्थगित रहेको सम्मेलन हालसम्म भएको छ । यता, प्रधानमन्त्री केपी शर्मा ओलीले लगातार रुपमा सार्क सम्मेलनको कुरा उठाउदै आउनु भएको छ । सार्क सम्मेलन गराउन भारतलाई दबाव दिँदै आउनु भएको छ । उहाँले विभिन्न औपचारिक, अनौपचारिक कार्यक्रममा सार्कको बारेमा बोलेर भारतलाई दबाब दिइरहनु भएको छ । हालै सम्पन्न एमालेको केन्द्रीय समितिको बैठकमा प्रस्तुत कार्यपत्रमा पनि उहाँले सार्कको विषय उठाउनु भएको छ । र सार्क सम्मेलन हुन नसक्नुमा भारतलाई दोषी देखाउनु भएको छ ।

उहाँले भारत र पाकिस्तान बिचको तनावका कारण दक्षिण एसियामा क्षेत्रीय सहकार्यका प्रयास अवरुद्ध भएको उल्लेख गर्दै सार्क निष्प्रभावी र निष्क्रिय अवस्थामा पुगेको र बिम्स्टेक कामकाजी बन्न नसकेको टिप्पणी गर्नुभएको छ । उहाँले पुस ९ गते नेपालका लागि पाकिस्तानका राजदूत एब्रार एच हस्मीलाई बालुवाटारमा बोलाएर भेटवार्ता गरी सार्कको बारेमा चर्चा गर्नुभएको थियो । भारतसँग सम्बन्ध खराब रहेको बेला प्रधानमन्त्री ओलीले पाकिस्तानी राजदुत एब्रारलाई बोलाएर सार्कको कुरा गरेर झन चिढाउने काम गरेको बताएको छ ।

प्रधानमन्त्री ओलीले दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) लाई सक्रिय बनाउन अध्यक्ष मुलुकका नाताले आफूहरूले पहल गरिरहेको र यसमा आबद्ध मुलुकले रचनात्मक भूमिका निर्वाह गर्नुपर्नेमा सो भेटघाटमा जोड दिनुभएको थियो । उहाँले कुनै दुई मुलुकबीचमा आपसी समस्या हुन सक्ने भए पनि त्यसको प्रतिकूल प्रभाव सार्कजस्ता क्षेत्रीय सङ्गठनमा पर्न नहुने बताउँदै नेपालले 'सबैसँग मित्रता र छैन कसैसँग शत्रुता' भन्ने भावनाका साथ सार्वभौम र स्वतन्त्र मुलुकका हिसाबले न्यायोचित राष्ट्रिय हितलाई ध्यानमा राखेर सम्बन्ध विस्तार र सहकार्य गर्दै आएको बताउनु भएको थियो । राजदूत हस्मीले आफूहरू पाकिस्तानमा सार्क शिखर सम्मेलन आयोजना गर्न तत्पर रहेको अवगत गराउनु भएको थियो ।

प्रधानमन्त्री ओलीले आफ्नो प्रतिवेदनमा दक्षिण एसियामा बढिरहेको दक्षिणपन्थी अतिवाद र विभिन्न मुलुकमा लोकतन्त्रमाथि भइरहेका सैन्य हस्तक्षेपप्रति आफूहरु चिन्तित रहेको उल्लेख गर्नुभएको छ । उहाँले छिमेकी देशहरुको सार्वभौमसत्ता, संवेदनशीलता र सरोकारलाई भारतले आवश्यक ध्यान दिन नसक्दा उसँग यस क्षेत्रका देशहरुको द्विपक्षीय र बहुपक्षीय साझेदारी अपेक्षित मात्रामा अगाडि बढ्न नसकेको दावी गर्नुभउयो । उहाँले आफ्नो राजनीति प्रतिवेदनमा भनेका छन्, 'नेपालको भारतसँग रहेका सीमा, १९५० को सन्धी, व्यापार घाटा लगायतका विषयहरु अझै थाती रहेका छन् ।'

# मधेशी मोर्चा गठन गर्न अध्यक्षहरुलाई नै छैन चासो

जनता प्रगतिशिल पार्टीका अध्यक्ष ह्रदयश त्रिपाठीले अहिले मधेशवादी दलहरुको बिचमा मोर्चाबन्दी गर्न दौडधुपमा लाग्नु भएको छ । तर मधेशका मुख्यदल उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी र राजेन्द्र महतो राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्षहरुले रुची देखाउनु भएको छैन ।

सत्तारुढ दल काँग्रेस र एमालेले संविधान संशोधन गरी साना दललाई सिध्याउन लागेको भन्दै त्यसलाई रोक्न भन्दै मधेश केन्द्रीत दलहरु एकीकृत हुने अभियान थालेका छन् । दलहरुले कार्यदल पनि गठन गरिसकेका छन् तर ती दलका अध्यक्षहरुले त्यसमा खासै रुची नलिएको देखिएको टिप्पणी भइरहेको छ । जनता प्रगतिशिल पार्टी नेपालका अध्यक्ष ह्रदयश त्रिपाठीले पुस ८ गते नै आफ्ना पार्टीका उपाध्यक्ष डा.शिवजी यादवको नेृतृत्वमा तीन सदस्य वार्ता समिति गठन गर्नुभएको छ । अध्यक्ष त्रिपाठीसहित सो वार्ता समितिले एक चरण हरेक मधेशवादी दलका अध्यक्षसँग भेटघाट गरी सहकार्य वा मोर्चाबन्दीका लागि आग्रह गर्नुभएको छ । माघ १ गते कार्यदलहरुको बैठक बोलाउने तयारी पनि गर्नुभएको छ । यसअघि भएको भेटघाटमा अध्यक्षहरु मोर्चाका लागि सकारात्मक प्रतिकृया दिएपनि अहिले त्यसमा खासै चासो लिइरहनु भएको छैन । त्रिपाठीको पटक पटकको ताकेतामा दलहरुले आफ्नो पार्टीबाट पनि वार्ता समिति बनाएका छन् । सुरुमा अशोक राइ नेतृत्वको जनता समाजवादी पार्टीले वरिष्ठ नेता राजेन्द्र श्रेष्ठको नेतृत्वमा वर्ता समिति गठन गरेको थियो ।

त्यसपछि पुस २१ गते महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपालले उपाध्यक्ष जितेन्द्र सोनलको संयोजकत्वमा वार्ता समिति गर्‍यो । त्यसको भोलीपल्ट अर्थात पुस २२ डा.सिके राउत नेतृत्वको जनमत पार्टीले पनि पार्टीका उपाध्यक्ष अब्दुल खानको संयोजकत्वमा वार्ता समिति गठन गर्‍यो । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालले असोजमा बसेको केन्द्रीय समितिको बैठकबाट उपाध्यक्ष राजकिशोर यादवको नेतृत्वमा वार्ता समिति गठन गरेको थियो । समिति गठन गरेर राखेपनि मोर्चा वा एकताका लागि कुनै पहल गरेको थिएन ।

वृषेशचन्द्र लाल अध्यक्ष रहेको तराई मधेश लोकतान्त्रिक पार्टीले २०७९ साउनमा पार्टीका वरिष्ठ नेता डा.विजय सिंहको नेतृत्वमा गठन गरेको वार्ता समितिलाई नै निरन्तरता दिएका छन् । पछिल्लो समय जनता प्रगतिशिल पार्टीका अध्यक्ष त्रिपाठीले पुसदेखि सबैलाई जगाउन थालेपछि वार्ता समितिसम्म गठन गरेका छन् । तर ती दलका अध्यक्षहरु रुची देखाउनु भएको छैन । जबसम्म जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रेशम चौधरी, जनमता पार्टीका अध्यक्ष सिके राउत एक ठाउँमा बसेर छलफललाई अगाडि बढाउनु हुन्न तबसम्म यो मोर्चाको कुरा अगाडि बढ्दैन ।

राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल र रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टीले हालसम्म वार्ता समिति पनि गठन गरेका छैनन् । मधेशवादी दलहरुले उपाध्यक्षहरुको नेतृत्वमा वार्ता समिति बनाए पनि अध्यक्षहरुले एकता वा सहकार्यका लागि खासै रुची नदेखाएको गुनासो भइरहेको छ ।

बाँकी पृष्ठ ४ मा

## फरकमत

# मधेश आन्दोलनको रणनीति बदलौं



राजेन्द्र महतो

मधेशको अधिकार र पहिचानका लागि जबजब यो देशमा आन्दोलन र सघर्ष भयो ती सबैलाई हामी सम्झिन चाहन्छौं । मधेश आन्दोलन पुरा भएको १८ वर्ष भइसक्यो । २०६३ माघमा सुरु भएको आन्दोलन त्यो एक दिन तयारी वा दुई चार दिनको तयारी थिएन । लामो समयदेखि मधेशका नेताहरु त्यसका लागि सघर्ष गर्दै आइरहनु भएको थियो । त्यसपछि मात्र २०६३ माघमा आगो बल्यो र देशैभर त्यो दन्कियो । रघुनाथ ठाकुरदेखि लिएर बाबा रामजनम तिवारी, गजेन्द्रनारायण सिंहलगायत मधेशको अधिकार, पहिचानका लागि कुनै नकुनै रुपमा आवाज उठाएका व्यक्तित्वलाई पनि हामी सम्झिन चाहन्छौं । २०४६ मा देशमा बहुदल आइसकेपछि मधेशको अधिकार र पहिचानका लागि स्व.गजेन्द्रनारायण सिंहले सद्भावना परिषद् र पछि नेपाल सद्भावना पार्टीको माध्यमबाट संगठित रुपमा आवाज उठाउनु भएको हो । त्यसपछि मधेशका लागि विभिन्न खालको जागरण र आन्दोलनका कार्यक्रमहरु सुरु भएको थियो । २०४६ देखि २०६२/०६३ को आन्दोलनसम्म आवाज उठाइ रहनु भयो । उहाँले विभिन्न जागरण र जनचेतनाको माध्यमबाट जुन गतिविधिहरु अगाडि बढाइ रहनु भयो त्यसैको बिस्फोटन मधेश आन्दोलन ।

२०६४ मो प्रथम मधेश बिद्रोह त्यसैको नतिजा हो । प्रथम मधेशपछि राज्यसँग जुन २२ बुँदे सम्झौता भयो, त्यो सम्झौताबाट मधेशी जनता सन्तुष्ट थिएन । तत्कालिन फोरम नेपाल पनि सन्तुष्ट थिएन, त्यसका नेताहरु पनि सन्तुष्ट थिएन । त्यसका लागि पार्टी नै विभाजन भयो । मधेश आन्दोलनबाट मधेशी जनता ठगिएको हो कि भनि सन्देश मधेशमा गएको थियो । त्यो सम्झौता गरेर मधेश आन्दोलनलाई बदनामा गराउने काम राज्यबाट भएको थियो । यद्यपी ती सम्झौतामा कतिपय कुराहरु राम्रा पनि थिए तर ठ्याक्कै खोजेका शब्दहरु त्यहाँ प्रयोग भएका थिएन ।

**के खोजिएको थियो ?**

संघियता, समावेशी समानपातिक जस्ता कुरा त्यो सम्झौतामा थिएनन् । अनि मधेशी जनताले आफू ठगिएको महसुस गरेका थिए । संविधान निर्माणका लागि संधिवानसभा चुनावको घोषणा गरिसकेको थियो राज्यले अनि के गर्ने त भनि हाम्रो सामु प्रश्न आयो । त्यतिबेला पुरानो पार्टीमध्ये नेपाल सद्भावनाच पार्टी थियो त्यो पनि छतबिछत भइसकेको थियो । नेपाल सद्भावना पार्टीको तर्फबाट ह्रदयश त्रिपाठी मन्त्री हुनुहुन्थ्यो त्यही भएर मधेश आन्दोलनको नेतृत्व पार्टीले लिन सकेन । म त्यतिबेला एक्लै थिए, उता उपेन्द्र यादव पनि २२ बुँदे सम्झौताका कारण एक्लै पर्नुभएको थियो । केही समयपछि संविधान सभाको चुनाव हुन गइरहेको छ । यो अवस्थामा चुनाव भयो भने त्यसमा मधेशीको प्रतिनिधि नै नहुने देखिएको छ । मधेशको प्रतिनिधि नभएपछि कस्तो संविधान बन्छ भनि धेरै चिन्ता भएको थियो हामीलाई । अनि त्यतिबेला एक दिन मेरै निवासमा मेरो र उपेन्द्रजीको बिचमा वार्ता भयो ।

**त्यतिबेला तपाई दुई जनाको बिचमा के सहमति भयो त ?**

मधेशको अधिकार र पहिचानका लागि एक पटक पुनः लड्नुपर्छ । त्यसमा एक अर्कालाई सहयोग गर्नुपर्छ भनि कुरा भयो । संविधानसभामा मधेशीलाई पुर्‍याउनका लागि एक पटक फेरि आन्दोलन गर्नुपर्छ । आन्दोलनबाहेक अर्को कुनै उपाय छैन भनि सहमति गरेर त्यतिबेला हामीले मधेशी मोर्चा गठन गरेका थियौं । संघर्षका लागि फेरि आह्वान गरियौं र आन्दोलन सुरु गर्‍यौं । त्यसको केही समयपछि महन्थ ठाकुरको नेतृत्वमा तमलोपा गठन भयो । त्यसपछि उहाँलाई पनि समाहित गरी संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा बनायौं । दोस्रो मधेश आन्दोलन सुरु भयो । थुप्रै मधेशी सहिद भए । लगातार २२-२४ दिनसम्म आन्दोलन चल्यो र २०६४ फागुन १६ गते प्रधानमन्त्री निवास बालुवाटारचा सरकारसँग वार्ता भयो । आठ बुँदे सम्झौता भयो । सो सम्झौतापत्रमा हामी तीन दलका अध्यक्ष र तत्कालिन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले हस्ताक्षर गर्नुभएको थियो ।

मधेशको अधिकार र पहिचानका लागि त्यो ऐतिहासिक सम्झौता भएको थियो । हामीले खोजेको जस्तो सम्झौता भएको थियो । सोही सम्झौता अनुसार संविधानसभाबाट संविधान बन्छ भनि तय भएको थियो । यो देशमा संविधानसभाबाट संविधान बन्छ र मधेशी, आदिवासी जनजातिले अधिकार पाउने भए हामीलाई लागेको थियो । तर सरकारले त्यो सम्झौतालाई रद्दीको टोकरीमा फाल्यो । पहिलो संविधानसभाबाट संविधान नै बनाएन ।

बाँकी पृष्ठ ४ मा

## लेख



■ अनन्त अनुराग

■ मधेश आन्दोलनको १८ वर्ष

# कहाँ गयो उपेन्द्र यादवको दहाड र राजेन्द्र महतोको लल्कार ?

पहिलो मधेश आन्दोलनको १८ बर्ष पुगेको छ । केन्द्रीय राजनीतिको गोलचक्करमा नै मधेशको राजनीति चक्कर खाइ रह्यो । यद्यपी यो १८ वर्षको अवधिमा मधेशी जनताका इच्छा, अपेक्षा र चाहानामा नै परिवर्तन आएको छ । चेतनामा वृद्धि भएको छ । सोच्ने शैली र बुझ्ने शैलीमा विकास भएको छ । मधेशलाई ड्राइभ गर्ने राजनीतिक दल नै दलदलमा फँसेपछि त्यतिकै पनि त्यहाँको जनताको जीवन अन्धकारमै हुने नै भयो । तत्तकालिन मधेश आन्दोलन पहिचान, अधिकार र सम्मानको लागि देशभित्र राष्ट्रियतालाई बलियो बनाउनका लागि भएको थियो । सबै मधेशी शक्ति एकसाथ हुँदा केही हदसम्म मागहरु पुरा पनि भएका छन् । पुरा नभएका मागका पुरा गराउनका दलहरुसँग त्यो शक्ति र समार्थ्य नै छैन । जसको भुक्तभोगी स्वयं मधेशी दलका नेतृत्वपक्ति नै भएका छन् ।

नेतृत्वले बारम्बार गल्ती गरेपनि मधेशी जनताले क्षमा गर्दै जिताएर पठाएका छन् । तर मधेश केन्द्रित दलले जनताको मतलाई मात्र होइन कि मान र सम्मानलाई पनि ठेस पुर्‍याउने काम गरेका छन् । अहिलेको अवस्थामा कुनै पनि मधेश केन्द्रित दलका शीर्ष नेतृत्वको कुनै पनि निर्वाचत क्षेत्र सुरक्षित छन् भनि भन्ने अवस्था छैन । नेताहरुले चुनाव कहाँ कुन क्षेत्रबाट कसरी जित्ने त्यसको हिसाब किताबमा लागेका छन् । मधेशवादी दलका कुनै पनि शीर्ष नेताहरुको आफ्नो क्षेत्र सुरक्षित छैन । वर्तमान नेतृत्वको शैलीले अब मधेशी जनता पनि आजित भएका छन् र विकल्पका लागि चिन्तन पनि गरी रहेका छन् ।

**दलदलमा मधेशी दल**

अधिकार र पहिचानको राजनीति गर्ने मधेश केन्द्रित दल दिनानु दिन दलदलमा फस्दै गएका छन् । एक समय थियो त्यतिबेला एकजुट भएका बेला मधेस केन्द्रित दलहरु देशका प्रमुख निर्णायक शक्ति थिए । र, आज मधेशी केन्द्रित दल आफ्नो साख कसरी जोगाउने भनि चिन्तित छन् । एकातिर सत्ताधारी दुई ठुला दलले तर्साएको तसाए छन् । कहिले पार्टी फुटाई दिने भनेका छन् भने कहिले सरकारबाट निकालि दिने भनेका छन् भने कहिले थ्रेसहोल्ड बढाएर पार्टी नै समाप्त पारि दिने धम्की दिइरहेका छन् । तर त्यसको ठोस जवाफ दिन नसकेर अब के गर्ने भनि दलका नेताहरु अलमलमै छन् ।

यस्तो अबस्था आउनुमा अरु कोही दोषी छैनन् । दोषी कोही छन् भने तिनै दलका मुखियाहरु हुन् । जसले बारम्बार मधेशी जनताका मत लिएर काठमान्डौं केन्द्रित सत्ताको पाउमा बुझाएर, आफ्ना व्यक्तिगत र पारिवारिक व्यवस्थापनमा सत्तालाई भरमग्दुर ऐयास्सीका साधनको रुपमा प्रयोग गरे । उनीहरुका सिमित चाहना र आर्थिक सबलिकरण त उभो लाग्यो । तर त्यसले आम मधेशी जनताले के पाए त्यो मुख्य प्रश्न हो ।

मधेश आन्दोलनमा सक्रिय भएर लागेकाहरु तिनै नेताका कारण या त गुमनाम छन या आफ्नो राजनितिक साख जोगाउन तथा आफ्नो राजनीतिक यात्रालाई कायम राख्न ठुला दलका नेताको शरणमा पुगेका छन् । अर्कोतर्फ तत्कालिन अबस्थामा ठुला दल परित्याग गरि मधेशी अधिकारका लागि मधेश कित्तामा आएका कतिपय नेताहरु मधेशी जनताको नाममा प्राप्त पद, प्रतिष्ठा र पैसा प्राप्त गरि पुनः आफ्नो पुरानो घर फिर्ता भएका छन् । राजनितिक गलियारका ती महारथीले बुझ्न के जरुरी छन् भने अब मधेशको पुरानो लय र क्रान्तिको छवी सुधार्न कठिन छ ।

**आन्दोलनको ओज**

हामीले पहिलो मधेश आन्दोलनको ओज सम्झिनै पर्छ । हामीले तत्कालीन मधेस आन्दोलनका अगुवा उपेन्द्र यादवको दहाड पुनः स्मरण गर्नै पर्छ । हामीले राजेन्द्र महतोद्वारा काठमाडौ केन्द्रित सत्तालाई दिएको लल्कार स्मृतिको खाजानाबाट बाहिर ल्याउनै पर्छ । हामीले सन्त बयोवृद्ध शालिन भद्र नेता महन्थ ठाकुरले 'मरे तो मुक्ती, जिए तो मधेस' को त्यो गर्जन पुन एक पटक मनन गर्नै पर्छ ।

तर, खै आज तिनै नेताहरु कसरी अचानक सवाशेरबाट शेर भए ? किन तिनिहरुले निर्मम तरिकाले आफ्नो बिगतका ओजको स्खलनबारे समीक्षा गर्न चाहेका छैनन् । तिनिहरु स्वस्थ्य आलोचनाबाट किन भाग्न खोजी रहेका छन् । आलोचना गर्नेहरुमाथी किन सत्रुतापूर्ण व्यवहार देखाउंछन् । किन नेतृत्व वरिपरि केवल गुणगान गर्ने हनुमान मन्डली खडा गरेका छन् । ति हनुमानहरुले पनि नेतृत्वको शेष पछि आफनो राजनीतिक भविष्य प्रति किन गम्भीर नभएका होलान् ।

प्रायः अहिलेका मधेश केन्द्रित दलहरुमा दोस्रो र तेस्रो तहको नेतृत्व बिकास हुन सकेको छैन । उपेन्द्र यादव उहिलेदेखि अहिलेसम्म निरन्तर पार्टीका अध्यक्ष छन् । महन्थ ठाकुर त आजिवन अध्यक्ष रहनुको विकल्प नै छैन । राजेन्द्र महतोलाई दोस्रो तहमा बस्न नसकिने थाहा पाएपछि मधेशबादको तामझामलाई त्याग्दै अहिले स्वदेशबाद भन्दै मधेशबाट पहाड उक्लनु भएको छ । यता, जनमतका अध्यक्ष डा. सिके राउतले पनि सत्ताको गलियारमा जानेर वा नजानेर हात अज्माए पनि खासै केही हात लागेन । बरु, उनिमाथी आम मधेशी जनताको अपेक्षा पनि स्खलित हुन पुगेको छ ।

**दलमा पुस्तान्तरण**

मधेशी दलभित्र नेतृत्व पुस्तान्तरण वा हस्तान्तरणको प्रकृया थालिने नगर्ने हो भने यसै पनि नयाँ पुस्ता मधेश केन्द्रित दलको झुठो आवश्वासन र भाषणमा विश्वास गर्ने अवस्थामा छैन । मिलेनियम, जेन्जी र जेन्जी बिटा पुस्ताले मधेशका वर्तमान नेतृत्वबाट के अपेक्षा गर्ने ? सधैं अधिकार, पहिचान र सम्मानको नाममा राजनीतिक गरेर मधेशको शिक्षा, स्वास्थ्य, रोजगार, कृषि लगायतको क्षेत्रमा कहिले काम गर्ने ?

दशकअघिसम्म मधेशको शिक्षाको स्तर उत्कृष्ट थियो । डाक्टर, ईजिनियर, शिक्षक लगायतका प्राविधिकहरु कति हो कति तर, मधेशमा हालको शिक्षाको अवस्था कस्तो छ ? यस्ता विषयहरुमा कुनै पनि मधेश केन्द्रित दलका नेताहरु सार्थक बहस र छलफल गर्न तयार छैनन । नमुनाको रुपमा पाएको ८ जिल्लाको मधेश प्रदेशमा हालसम्म गठन भएका सरकारहरुले कुनै पनि नमुना लायक काम गर्न सकेका छैनन ।

जुन दलको नेतृत्वमा सरकार गठन भए पनि आफ्ना दलका नेता, कार्यकर्ता, आसेपासेलाई अवसर दिएर आम मधेशी जनता र आन्दोलनमा सहादत दिएका सहिदहरुको बलिदानीलाई लज्जित पार्ने काम गरेका छन् । पुराना नेतृत्वले गर्न सकेनन भन्दै आएका युवा नेतृत्वको सरकारले पनि खासै केही गर्न नसक्दा युवाहरुमा आक्रोस छ । अहिले मधेश प्रदेश सबैका लागि लुटको केन्द्र बनेको छ । एक पछि अर्को भ्रष्टाचारका काण्डले कुशासनको नमुना प्रदेशको रुपमा चित्रण हुन थालेको छ । यस्ता आरोपहरुलाई चिर्न कोही पनि तयार देखिँदैन ।

अहिलेसम्मको अवस्था हेर्दा मधेशभित्र मधेश केन्द्रित दलले राजनीतिक पसल चलाई रहेका छन । तर, मधेशका लागि राजनीतिक दल र सही नेतृत्व पंक्ति मधेशी जनताले व्यग्रताका साथ खोजी रहेका छन् । जुन नेतृत्व पाउन अझै कति समय लाग्ने हुन यसै भन्ने अवस्था छैन । अहिले नेतृत्वको कमिकमजोरीले मधेशका मागहरु छरिएर अपलत्र परेका छन् । तर मधेश त्यहि छ, जहाँ थियो, मधेशका मागहरु छदैछ, बरु केही मागहरु समयक्रमसँग थपिएका छन । मधेशको मुड पनि उस्तै छ, मधेशको क्रान्तीकारी मुड केही समयका लागि शान्त मात्र भएको हो, मधेशको मुडसँग खेलवाड गरे फेरि जुनसुकै बेला तंरगित हुन सक्छ ।

यदि हुँदाहुँदै पनि कसैले मधेश सकियो, अब, मधेश पुनः गोलबन्द हुन सक्दैन, पुनः मधेश एकसाथ जुरुक्क उठन सक्दैन भने भ्रम छ भने समयमा नै त्यस्ता भ्रमबाट मुक्त भए बेस होला । यदि मधेशको मुड र मान अभिमान, सम्मानसँग हल्का खेल्ने कोशिस गरे मधेशको ज्वारभाटामा जलेर खरानी हुन सक्ने विगतको ईतिहासको हेक्का राख्न जरुरी छ । देशको स्वाभिमानको लागि मधेश अटल, अमर र सतिसाल झै उभिएको छ । मधेशलाई कुनै पनि बहानामा अब कुनै पनि विभेद स्वीकार छैन । मधेश हिजो भन्दा आज झनै तेज र तर्रार रुपमा प्रस्तुत हुन सक्छ । मधेश अब हरेक मोर्चामा अब्बल हुन अग्रसर छ ।

मधेशको वर्तमान नेतृत्वले अब गम्भीरता पूर्वक सोच्ने समय आइसकेको छ । उनीहरुले जे जति त्याग, बलिदानी र योगदान पुर्‍याए त्यसका लागि धन्यवाद ज्ञापन गर्दै अब युवा पुस्तालाई अगाडी सारेर अभिभावकीय भूमिका निर्वाह गरी नयाँ जोश, जाँगर र तरिकाबाट मधेशका एजेन्डालाई सैद्धान्तिक बहस, छलफल, वार्ताको माध्यमबाट सम्बोधन गराउन अगाडि बढ्नु पर्छ ।

**मतभार वृद्धिको आवश्यकता**

त्यति मात्रैले पनि पुग्दैन । विगतका केही निर्वाचनहरुमा मधेश केन्द्रित दलले प्राप्त गरेको मतको कुलभार हेर्दा केवल ११-१२ प्रतिशतको हाराहारीमा प्राप्त हुने गरेका छन् । संसदीय व्यवस्था नम्बरको खेल पनि हो, तसर्थ अब आउँदा दिनमा मधेश केन्द्रित दलले मतभार पनि बृद्धि गर्न अतिआवश्यक छ । यदि आफ्ना माग, एजेन्डा संसदीय व्यवस्थामा लोकतान्त्रीक तरिकाबाट सम्बोधन गराउने हो संसदीय व्यवस्थाको खेलको नियममा पनि अब्बल देखिनु जरुरी छ । खेलको नियम हुन्छ, कमजोर मानसिकता र सोचले खेल कहिले पनि जितिन्न, त्यसका लागि मानसिक, शारिरीक र सांख्यात्मक रुपमा हरेक मोर्चामा पुर्ण तयारीका साथ पुनः सबै शक्ति एकजुट भएर अन्तिम धक्काका लागि तयार हुनुपर्दछ । अब, आफनो लागि होइन, आफना परिवारका सदस्य वा नातेदारहरुको व्यवस्थापनका लागि भन्दा मधेशका भावि पुस्ताका लागि सबैले के के त्याग गर्नुपर्ने हो बिनाशर्त त्याग गर्न तयार हुनुपर्दछ ।

वर्तमान नेतृत्वको कमिकमजोरीले दलदलमा फँसाएको मधेशको राजनीतिकलाई पुनः बाहिर ल्याउन निश्वार्थ भावना प्रर्दशन गर्न जरुरी छ । यदि त्यसो गर्न सकिएन भने भावि पुस्ताले कदापि पनि माफ गर्ने छैन । सम्भवतः मधेश आन्दोलनमा जीवनको आहुति दिने महान सहिदहरु पनि स्वर्गबाट यहि कामना गरी रहेको हुनुपर्छ । आउनुस् सहिदका बलिदानीलाई खेर जान नदिने अर्न्तआत्माबाट प्रतिज्ञा गरौं ।

*(लेखक अनन्त अनुराग पत्रकार हुनुहुन्छ)*

## चीनसँग लुकीछिपी...

अध्यक्ष यादवले त्यहाँ भेटघाटमा राजतन्त्र हटाउनमा भारतका समाजवादीको ठुलो हात रहेको बताउँदै नेपालका आन्दोलनकारीका लागि भारत आश्रय स्थल थियो त्यसमा भारतको ठुलो सहयोग रहेको धारणा राख्नुभएको थियो । दुवै नेताले भारतलाई एसियाको समाजवादीहरूको केन्द्र बनाउने कुरामा सहमत भएको समाजवादी पार्टीले जनाएको छ ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले सन् १९४२ मा भारत छोडो आन्दोलनका क्रममा डा.राम मनोहर लोहियाले उषा मेहतासँग मिलेर नेपालमा आजाद रेडियो स्थापना गरेको स्मरण गराउनु भएको थियो । जयप्रकाश नारायण र डा.राम मनोहर लोहिया हनुमान नगर जेल भत्काएर मुक्त भएको कुरा पनि सो क्रममा उहाँले राख्नुभएको थियो । जसपा अध्यक्ष उपेन्द्र यादवले १५ वर्षपछि आफू लखनउ आएको बताउनु भएको थियो । लखनउमा निकै परिवर्तन भएको देखाएको बताउँदै उहाँले जनेश्वर मिश्र पार्क, प्लाजा मल, एकना स्टेडियम, लखनऊ-आग्रा एक्सप्रेस वे, मेट्रो रेल आदि समाजवादी सरकारको नेतृत्वमा बनेको र यहाँको विकासमा निकै सुधार भएको कुरा उहाँले राख्नुभएको थियो ।

भेटघाटमा समाजवादी पार्टीका अध्यक्ष अखिलेश यादवले भारत र नेपालको समाजवादी वैचारिक एकतामा जोड दिँदै समाजवादीको दृष्टिकोण नै विकासको रहेको बताउनु भएको थियो । विकासको विकल्प पुँजीवाद कदापि हुन नसक्ने बताउँदै उहाँले एसियाको भूराजनीतिक भूगोलमा आएको परिवर्तनका कारण भारतले चीनको खतराको सामना गरिरहेको बताउनुभयो । भारतले ग्वालियर-इटावादेखि लिपुलेकसम्म, जनकपुरदेखि अयोध्या र सिद्धार्थनगरदेखि झाँसीसम्म राजमार्ग निर्माण भएपछि नेपाल-भारत सम्बन्ध थप सुदृढ हुने धारणा उहाँको थियो ।

समाजवादी पार्टीका अध्यक्ष अखिलेश यादवले खुला सिमाना र नेपाल बिचको व्यापार बढाउन भारतले पनि जोड दिएको धारणा राख्नुभएको थियो । पर्यटन क्षेत्रमा सहकार्य बढाउदै गरिबी र बेरोजगारीको समस्या समाधान गर्न नेपाल र भारत दुवै मिलेर काम गर्नुपर्ने उहाँको जोड दिनुभयो ।

## मधेशी मोर्चा...

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव करिब एक महिनादेखि उपत्यका बाहिर हुनुहुन्थ्यो । उहाँले पनि यो मोर्चा तथा सहकार्यका लागि कुनै रुची लिनु भएको छैन । त्यस्तै, लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर पनि काठमडौँ-मधेश आउजाउमा गरिरहनु भएको छ । पार्टीहरुको एकता र सहकार्यको बारेमा उहाँले पनि खासै चासो लिनुभएको छैन । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले हालसम्म वार्ता समिति गठन गर्नुभएको छैन । पार्टीहरुको दबाबमा जनमत पार्टीका अध्यक्ष सिके राउतले वार्ता समिति गठन गरेपनि उहाँले मोर्चा गठनप्रति आशावादी रहनु भएको छैन । नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष चौधरीले वार्ता समिति समेत गठन गर्नुभएको छैन । यहाँसम्म कि उहाँले कसैसँग यो विषयमा भेटघाट गर्न पनि मानेका छैनन् । रेशम चौधरी जपान गएको कुरा सबैलाई भन्नुभएको छ जबकी उहाँ यो समाचार तयार पार्दासम्म नेपालमै हुनुहुन्छ तर उहाँ कसैसँग भेट्नु भएको छैन ।

## मधेश आन्दोलनको...

**पहिलो संविधानसभाबाट संविधान किन बनेन किन बिघटन भयो जस्तो लाग्छ तपाईलाई ?**

पहिलो संविधानसभामा हामी पहिचानवादी शक्तिको बाहुल्य थियो । त्यो कुरा अन्य खसवादी ठूला भनाउँदा पार्टीहरुलाई पचेको थिएन । यो शक्ति यस्तै रह्यो भने आफ्नो अनुकुल संविधान बनाउँछ भनि डराएर उनीहरुले विभिन्न जालझेल गरी संविधानसभा बिघटन गराए । दोस्रो संविधानसभा चुनावपछि पहिचानवादीहरुको अवस्था बडो नाजुक भयो । पहिलो संविधानसभाताका सत्ताको चलखेलमा परेर मधेशवादी दलहरु टुटफुट भएर मधेशवादी दलहरु निकै बदनाम भइसकेका थिए । त्यसैको असर २०७० को दोस्रो संविधानसभा चुनावमा देखिएको थियो । जे भए पनि संधिवानसभामा मधेशीको उपस्थिति थियो । मुख्य त अन्तरिम संविधान अनुसार संविधानसभाबाट संविधान निर्माण गर्नुपर्ने थियो ।

तर आन्दोलनको एजेण्डालाई लत्याएर संविधानसभामा बहुमतको नाममा फस्टट्र्याकबाट नस्लीय संविधान निर्माण गरेको थियो । संविधानको मस्यौदामा नै बेइमानी भयो भनेर हामीले तेस्रो मधेश आन्दोलन गर्न बाध्य भएका थियौं । नेपालको अन्तरिम संविधान अनुसार संविधानको ड्राफ नबनाएपछि बाध्य भएर हामी आन्दोलन गर्न सडकमा आएका थियौं । त्यतिबेला सबै पार्टीका मधेशी नेता तथा कार्यकर्ताले मधेश आन्दोलनलाई सघाएका थिए । काँग्रेस, एमाले, माओवादी पार्टीमा रहेका नेता तथा कार्यकर्ताले पनि मधेश आन्दोलनलाई सहयोग पुर्‍याएको थियो । फलानो पार्टी चिलानो पार्टी भनिएका थिएनन् । तैपनि त्यो आन्दोलन निकै दमन भयो । मधेशी युवाको ज्यान गएको थियो । राज्यले जथाभावी मान्छे मार्न थालेपछि हामी आफ्नो रक्षाका लागि नाकामा पुगेका थियौं । नाकामा त गोली हान्न मिल्दैन । त्यहाँ नाका बसेर राज्यलाई असहयोग गर्ने, नाकाबन्दी नै गर्ने गरी आन्दोलन सुरु भयो । ६ महिनासम्म बन्द हड्ताल चल्यो । मधेश पुरै ठप्प थियो । स्कूल कलेज, कलकारखाना सबै बन्द थिए । मजदुर, विद्यार्थी, कर्मचारीहरुले पनि मधेश आन्दोलनलाई साथ दिइरहेक थिए । त्यत्रो लामो बन्दमा पनि कसैले कुनै गुनासो गरेनन् । गरिबभन्दा गरिब जनता मधेश आन्दोलनमा लागि सकेका थिए । विश्वका सबै मधेशी एक भएर आन्दोलन गरेका थिए । तर यी नश्लवादीहरुले शक्तिको बलमा, बन्दुकको बलमा २०७२ असोज ३ मा संविधान जारी गरेका थिए । संविधान जारी भएपनि लामो समयसम्म आन्दोलन चलेको थियो । तर बिना निष्कर्ष त्यो आन्दोलन टुगिंएको थियो । असोज ३ हाम्रो लागि कालो दिन हो ।

अन्तरवार्ता

# अन्तिम लडाई जित्नका लागि एकता र सहकार्य आवश्यक छ



■ उपेन्द्र यादव
अध्यक्ष, जनता समाजवादी पार्टी नेपाल

मधेश आन्दोलन भएको १८ वर्ष पुगेको छ। मधेशवादी दलहरुले माघ ५ गते बलिदानी दिवस मनाउने तयारीमा जुटेका छन्। पुनः आन्दोलनका लागि धम्की र चेतावनी दिनेछन्। जनतालाई आन्दोलनका लागि तयार रहन आग्रह गर्नेछन्। माघ ५ गते आउनै लाग्दा मधेशवादी दलहरुले आन्दोलनका लागि आफ्नो तयारी पनि थालिसकेका छन्। दलहरुको बिचमा वर्ता र संवादलाई तिब्रता दिएका छन्। अब आन्दोलन केका लागि, कुन कुन माग बाँकी छन्, के अब आन्दोलन सम्भव छ लगायतका विषयमा प्रस्तुत छ, मधेश आन्दोलनको अगुवाई गर्नुभएका जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवसँग गरिएको कुराकानीको सम्पादीत अंशः

**मधेश केन्द्रीत दलहरुको बिचमा पुनः एकता र सहकार्यका लागि पहल भइरहेको छ, के अब त्यो सम्भव छ ?**

सम्भव छ, किन छैन। तर हतारिएर, आतिएर मोर्चाबन्दी वा एकता हुँदैन। बिगतमा पनि थुप्रैपटक एकता र सहकार्य भयो। विभिन्न मोर्चा पनि बने तर सबै अलग अलग भए। किन जुटे, फेरि किन फुटे त्यसको पनि समिक्षा हुनु आवश्यक छ। समिक्षा गरेर पहिचानवादी शक्तिहरुको बिचमा सहकार्य र एकताका लागि अगाडि बढ्नुपर्छ। एउटै नीति, सिद्धान्त र विचार भएकाहरुले एउटै पार्टी बनाउन सक्छन्। मुद्दा मिल्नेहरुसँग सहकार्य गर्न सकिन्छ। तर मुद्दा पनि नमिल्ने, विचार पनि नमिल्ने शक्तिसँग जहाँ जुन विषयमा, जुन प्वाइन्टमा कुरा मिल्छ त्यही सहकार्य गर्न सकिन्छ। त्यसका लागि जसपा नेपाल खुल्ला छ। यसका लागि हामीले केन्द्रीय समितिको बैठकबाट नै वार्ता समिति गठन गरेका हौं। १६-१७ वर्षको इतिहास हेर्नुभयो भने हामीले सबैलाई जोड्ने काम गर्‍यौ तर केही लोभी पापीहरुलाई एक ठाउँमा बस्न सकेनन्। विभिन्न क्षणिक स्वार्थमा लागेर अलग भए। फेरि उनीहरु नै एकता र सहकार्यका लागि पहल गरिरहेका छन्। हामी जस्तोसुकै मार खाए पनि एकता, सहकार्य र सघर्षका बाटोलाई छाडदैनौं। यसमा सबै निश्चित भए हुन्छ।

**यो एकता र सहकार्य गरेर गर्नुहुन्छ के ?**

देशका उत्पीडित तथा अल्पसँख्यक समुदाय अहिले पनि अधिकारबाट बन्चित छन्। देशमा परिवर्तन भए पनि त्यसको अनुभूती सोझा सिधा जनता, मधेशी, आदिवासी जनजाति, अल्पसँख्यकहरुले गरेका छैनन्। देशको साधन स्रोत, सेवा सुविधाबाट उनीहरुलाई बन्चित राख्ने काम भयो। त्यसका लागि संघर्ष गर्न आवश्यक छ। एकपटक राज्यलाई धक्का दिने गरी आन्दोलन गर्नुपर्छ। त्यसका लागि एकजुट हुनु आवश्यक छ। एक भएर लडिएन भने शासकले फुटाउ र राज गर भनि नीतिमा सबैलाई अलग अलग राखेर अधिकारबाट बन्चित गरिरहने छ। त्यसैले आजको आवश्यकता एकता र सहकार्य नै हो।

**त्यसो भए फेरि अर्को मधेश विद्रोह हुन्छ त ?**

मधेशमा मात्र होइन, देशमै विद्रोह हुन्छ। आदिवासी जनजातिहरुले विद्रोह नगर्ने हो भने के सधैभरी दास भएर बाँच्ने हो त, दलितहरुले विद्रोह नगर्ने हो भने के सधैभरी अपमानित भएर जीवन बिताउने हो त, थारुहरुले विद्रोह नगरे के सधैभरि कमैया भएर बाँच्ने हो त, पिछडा वर्ग अपहेलित भएर नै रहने हो त। होइन भने अब अन्तिम लडाइका लागि तयार रहनु पर्छ एकजुट हुनुपर्छ। अबको युगमा कुनै पनि अल्पसँख्यक समुदाय, उत्पीडनमा परेका वर्ग अधिकारबाट बन्चित भएर बस्नुपर्दैन। कसैको दास भएर, कसैको कमैया भएर बस्नुपर्दैन। सबै समुदायले आआफ्नो अधिकार पहिचान गरिसकेका छन्। त्यो प्राप्तिका लागि अन्तिम लडाइको लागि तयारी गरिरहेका छन्। यदि राज्यले यी समस्या समाधान गरेन भने देशमा विद्रोह हुन्छ। त्यो बिद्रोहले ककसलाई बढार्ने हो थाह छैन। यो त समाजिक विज्ञानको नियम हो। जहाँ विभेद हुन्छ त्यहाँ विद्रोह हुन्छ। देशमा अल्पसँख्यकमाथि विभेद अझै कायम छ।

**१८ वर्षअघि अर्थात २०६३ मा तपाईले आफ्नो नेतृत्वमा आन्दोलन सुरु गर्नुभएको थियो। आन्दोलन पनि भिषण नै भएको थियो। सम्पूर्ण मधेशले साथ दिएको थियो तर कहाँ कमीकमजोरी भयो जसले ती मागहरु पुरा भएन ?**

लामो तयारीपछि २०६३ माघ २ गतेबाट हामीले आन्दोलन सुरु गरेका थियौं। माघ ५ गते विद्यार्थी नेता रमेश महतोको हत्या भएपछि त्यो दिनको सम्झनामा हामीले बलिदानी दिवस मनाउँदै आएका हौं। मधेश आन्दोलनले केही प्राप्त भएन भन्नु त्यो पनि गलत हुन्छ। देशमा जुन परिवर्तन आएको छ त्यो मधेश आन्दोलनकै कारणले सम्भव भएको हो। मधेश आन्दोलन मधेशीको मुक्तिका साथै नेपालको शोषित पिडित महिला, थारु, मुस्लिम, दलित, अल्पसँख्यक समुदायको उत्थानका लागि भएको थियो। मधेश आन्दोलनले नेपालमा युगान्तकारी परिवर्तन ल्यायो। यदि मधेश आन्दोलन नभइ दिएको भए राज्यको हरेक निकायमा महिलाको ३३-३४ प्रतिशत सहभागिता हुने थिएन। राज्यका निकायहरुमा दलित, मधेशी, आदिवासी जनजाति, खसहरुको समावेशी देखिदैन्थ्यो। यहाँसम्म मधेश आन्दोलन नभएको भए यो देशमा संघीय गणतन्त्र पनि आउने थिएन। काँग्रेस, कम्युनिष्टहरु संघीय गणतन्त्र ल्याउने पक्षमा थिएनन्। उनीहरुले यसको चर्चा समेत गर्न मानेका थिएन। जनआन्दोलनको क्रममा पनि संघीयत र गणतन्त्रको कुरा उठाएको थिएन। पहिलो मधेश आन्दोलनको क्रममा भएको २२ बुँदे सम्झौतामा नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र देश र स्वायत्त प्रदेशहरु हुनेछन् भनि उल्लेख छन्। यो व्यवस्था अन्तरिम संविधानमा पनि राख्यो। पछि संविधानसभा पनि अन्तरिम संविधान अनुसार नै अगाडि बढी रहेको थियो। संविधानसभाबाट बनेको संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था गर्‍यो। तर पहिचानसहितको स्वायत्त प्रदेशलगायतका कुराहरुलाई त्यसमा छाडेको थियो।

**त्यसो भए माग के के बाँकी रह्यो त ?**

हामीले पहिचानसहितको प्रदेश स्थापना हुनुपर्छ र स्वायत्त प्रदेश हुनुपर्छ भनि माग गरेका थियौं तर त्यो उनीहरुले गरेनन्। हामी समग्र मधेश एक प्रदेशका लागि आन्दोलन गरेका थियौं तर सम्झौता पनि सोही अनुसार भएको थियो। राज्यको पुनः संरचना आयोगले प्रतिवेदनले पनि समग्र मधेशलाई एक प्रदेश बनाउने प्रतिवेदन दिएको छ। तर राज्यले त्यसमा बेइमानी गरेको छ। जनसँख्याको आधारमा निर्वाचन क्षेत्र हुनुपर्छ। प्रदेशलाई स्वायत्त बनाएर त्यस अन्तर्गत स्थानीय तहलाई राख्नुपर्छ। संघीयतामा प्रदेशलाई शक्तिशाली र अधिकार सम्पन्न बनाउनुपर्छ तर प्रदेश सरकारलाई एउटा सिडियोको जति अधिकार दिएको छैन। सबै अधिकार संघमा राखेर स्थानीय तहलाई बलियो बनाएर प्रदेशलाई पङ्गु बनाएर राखेको छ।

जो संघीयताको मर्म विपरित हो। गोरखा राज्य विस्तारको क्रममा मधेश गोरखा राज्यको अंग थिएन। तर राज्यले मधेशलाई कब्जा गर्‍यो। कब्जा गरेपछि त्यसलाई एक खालको आन्तरिक उपनिवेश बनायो। उपनिवेश पनि बनायो र उत्पीडन तथा विभेदमा पनि पार्‍यो। यतिसम्म कि मधेशलाई नागरिकताबाट पनि बन्चित गरायो। आन्तरिक औपनिवेशिकबाट मुक्ति, मधेशी समुदायप्रति रहेको विभेद र असमानताको अन्त्य, स्वायत्त प्रदेशको स्थापनाका साथै आदिवासी जनजाति, दलित, महिला थारु, पिछडा वर्ग, मुस्लिम लगायत उत्पीडित जातीको मुक्तिमध्ये केही प्राप्त भएको छैन। समाजिक लोकतन्त्रको काम अगाडि त बढेको हो तर समाजिक न्याय र मुक्ति अझै बाँकी छ। त्यसका लागि संघर्ष गर्न आवश्यक छ।

**यी सब प्राप्तिका लागि संगठनको आवश्यकता पर्छ तर मधेशका दलहरु यति कमजोर छन् कि केही गर्ने अवस्थामा नै छैन त्यसका लागि के गरिरहनु भएको छ ?**

केही नेताहरुको कारण संगठन कमजोर भए पनि जनता विभक्त भएका छैनन्। जनता अझै संगठित नै छन्। जनता सही समयको इन्तजारमा छन्। मौका पाउने बित्तिकै बिद्रोह गर्छन्। त्यतिबेला कुनै शक्ति र संगठनको आवश्यकता पर्दैन। २०६३ मा हामी मधेश आन्दोलन सुरु गर्दा अहिलेको जस्तो व्यवस्थित संगठन थिएन। तर बिद्रोह भएको थियो नि। त्यसरी बिद्रोह हुन्छ भने कसैले कल्पना समेत गरेका थिएन। जनताले साथ दिएको कारण सबै सम्भव भएको हो। अहिले त हाम्रो संगठन जनजनमा पुगेको छ। वडा, क्षेत्रदेखि विभिन्न तहमा हाम्रो संगठन छ। अलिकति त्यसलाई व्यवस्थित गरेर अगाडि बढायो भने विद्रोह हुन्छ। त्यसका लागि अन्य दलहरुसँग पनि सहकार्य गर्न सकिन्छ। त्यसका लागि प्रयासहरु भइरहेका छन्। संगठन कमजोर हुनुको आफ्नै पनि कारण छ। संगठनमा विभिन्न साथीहरु आउनु भयो पुनः जानु भयो। अरु साथीहरु पनि आउनु भएको छ। अझै आउने क्रम जारी छ। हुनसक्छ भोली ती साथीहरु पनि जानु हुन्छ। एक दिन त यस्तो समय आउछ जो देश र मधेशको मुक्तिका लागि लड्ने सच्चा सपुत मात्रै बाँकी रहन्छन् बाँकी सबै हराउछन्। एक-दुई वर्ष अगाडि हामीबाट छुटिएर गएका साथीहरु आज एकता गरौं भनि वार्ता समिति बनाएर हिडिरहनु भएको छ। यसको मतलब अलग हुनु गलत थियो। पार्टी फुटाउनु गलत थियो भनि उहाँहरुले नै पुष्टि गर्नुभएको छ।

**तपाईलगायत अन्य दलका नेताहरुले उठाउदै आएको कुराहरु सम्झौता भएर पुरा नभएको हो कि ती सम्झौताबाहेकका नयाँ माग हुन् ?**

हामीले उठाउदै आएको कतिपय यस्ता मागहरु छन् जो सम्झौता गरेर कार्यान्वयनमा ल्याएको छैन। कतिपय यस्ता मागहरु छन् जो सम्झौता गरेर संविधानमा पनि व्यवस्था गरिएको छ तर त्यसलाई व्यवहारमा ल्याइ रहेको छैन। र, कतिपय यस्ता माग छन् जो वर्तमान अवस्थामा आवश्यकता अनुसार उठाइएको हो। यही देशका शासक, यही काँग्रेस, कम्युनिष्टहरुले धेरै कुरा अन्तरिम संविधानमा उल्लेख गरेका थिए। अग्रगामी संविधान थियो त्यो। पहिचानसहितको संघीयता, स्वायत्त प्रदेशको व्यवस्था गरिएको थियो। तर दोस्रो संविधानसभाबाट संविधान बनाए पछि सबै कुरालाई छाडे। संविधान बनाउने बेलामा हामीले दबाव दियौं कि यी कुराहरु समावेश गर्नुपर्छ। दबाबका लागि हामी आन्दोलन गर्‍यौ तर बन्दुकको बलमा शासकहरुले जर्वजस्ती संविधान जारी गरे। प्रतिगामी संविधान बनायो। आन्दोलनबाट जुन अधिकार हामीले पाएका थियौं त्यो पनि खोस्यो। अल्पसँख्यक, उत्पीडित समुदायमाथि झन विभेद बढ्यो। संविधान बनाएर संस्थागत रुपमा मधेशी, आदिवासी जनजाति, मुस्लिम, महिला, पिछडिएको समुदायमाथि विभेद गर्न थाल्यो। त्यो संविधान संशोधन हुनुपर्छ भनि हामी संघर्ष सुरु गर्‍यौं। आन्दोलनकै कारण संविधान संशोधन गर्ने भनि काँग्रेस, कम्युनिष्टहरुले हामीसँग पटक पटक सम्झौता गरे। सम्झौतापत्रमा हस्ताक्षर पनि गरे। तर जालझेल र छलछामले हामीलाई पन्छाइ रहे। त्यही भएर अब अन्तिम लडाई लड्नुपर्छ।

**देशको जुन अवस्था छ, मधेशवादी दलका नेताहरुको जुन प्रवृति छ त्यसले त्यति सजिलो लडाई जितिन्छ जस्तो लाग्छ तपाईलाई ?**

प्रयास जारी राख्नुपर्छ, एक दिन अवश्य सफल भइन्छ। प्रयास नगर्नेले सफलता कहिले हात पर्दैन। केही समय लाग्ला, सोचेको समयमा नहोला तर एक दिन लडाई जितिन्छ। १८ वर्ष पहिले जनतामा जुन चेतना थियो, त्यसमा अहिले निकै विकास भएको छ। जनतामा कन्फिडेन्स बढेको छ। जनताको हात हातमा इन्फोर्मेशन छ। अब त्यसलाई झुक्याउन वा ठग्न सक्दैन। म आशावादी छु कि म जिवित रहदै देशमा एक पटक देशमा विद्रोह हुन्छ र जनताले आफ्नो अधिकार पाउछन्।

# मधेश आन्दोलनको सम्झना: कहाँ



■ बीपी यादव

● उपेन्द्रजीको निर्देशन आएपछि म त्यो दिन सबेरै खाना खाएर सिंहदरवार पुगे। त्रिपाठीजी त्यतिबेला उद्योगमन्त्री हुनुहुन्थ्यो। म उहाँसँग टाइम लिएर भेट्न पुगे। उहाँलाई मैले उपेन्द्रजीले भनेको कुरा सुनाए

● एकातिर नेपालगञ्जको आगो मधेशीको मनमा दन्कि रहेको थियो भने अर्कोतिर अन्तरिम संविधान बनिरहेको थियो। त्यसमा मधेशको अधिकार र पहिचान समावेश नगर्ने हो कि भनि चिन्ता थियो

● मधेश आन्दोलन अन्तरिम संविधान जलाउने बित्तिकै, रमेश महतोको हत्या हुने बित्तिकै रातारात भएको हो, मधेश आन्दोलन हिन्दुवादीले गराई दियो, राजावादीले गराई दियो, भारतले गराई दियो जस्ता कुरा भन्नु मिथ्या कुरा हो

◆◆◆

मधेश आन्दोलन सुरु भएको १८ वर्ष पुरा भएको छ। यो १८ वर्ष कसरी बित्यो पत्तै भएन। यो बिचमा नेपाल तथा मधेशको राजनीतिमा निकै उतार चढाव आयो। मधेश आन्दोलनका कतिपय स्मरण गर्न योग्य काम भएका छन् भने कतिपय सम्झन लायक पनि छैन। मधेश आन्दोलनको एउटा साक्षी भएको कारण १८ वर्षपछि केही कुरा आज सम्झिन चाहन्छु।

मधेश जनबिद्रोह भन्दा पहिले २०६३ पुसमा सद्भावना (आनन्दिदेवी) पार्टीले नेपाल बन्द गरेको थियो। त्यसको बिरोधमा माओवादी र नेपाल प्रहरीको मिलोमतिमा नेपालगञ्जमा मधेशी समुदायमाथि ज्यादती भयो। र त्यतिबेला हुरीलाल थारु, कमल गिरि शहिद हुनुभयो। तत्कालिन मधेशी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवजीले मलाई फोन गरेर त्यतिबेला निर्देशन दिनुभयो कि नेपाल सद्भावना पार्टीका नेता हृदयश त्रिपाठीलाई भेटेर भन्नु कि उपेन्द्र सरले खबर पठाउनु भएको छ कि मन्त्री पदवाट राजीनाम दिएर नेपालगञ्जमा भएको आन्दोलनलाई निरन्तरता दिनुस्।

**त्रिपाठीलाई उपेन्द्रको आग्रह**

उपेन्द्रजीको निर्देशन आएपछि म त्यो दिन सबेरै खाना खाएर सिंहदरवार पुगे। त्रिपाठीजी त्यतिबेला उद्योगमन्त्री हुनुहुन्थ्यो। म उहाँसँग टाइम लिएर भेट्न पुगे। उहाँलाई मैले उपेन्द्रजीले भनेको कुरा सुनाए। उपेन्द्रजीले मन्त्री पद छाडेर नेपालगञ्जको आन्दोलनलाई अगाडि बढाउनुहोस् त्यसमा हाम्रो पूर्ण साथ र सहयोग रहन्छन् भनेको थिए। त्यसको जवाफमा तत्कालिन मन्त्री त्रिपाठीजीले भन्नुभयो, 'अरे अभी बहुत हिसाब किताब लेना है पहाडी लोगों से।' उहाँले नेपालगञ्जको घटनाको बारेमा लामो लामो कुरा गर्नुभयो। म उहाँको सबै कुरा सुने। मैले कुनै जवाफ दिइनन्। सिंहदरवारबाट निस्के। त्यही दिन बेलुका उपेन्द्रजीलाई त्रिपाठीले भनेको सबै कुरा सुनाए।

**मातृकाको र्‍याली**

केही दिन पछि नेपालगन्जमा माओवादीका नेता मातृका यादवको नेतृत्वमा मधेसीहरुको एक टोली शान्तिपूर्ण र्‍याली निकालिएको थियो। मातृका यादवले घटनाको भिडियो संकलन गरि त्यसको सिडि तयार पार्ने काम पनि गर्नुभयो। त्यो सिडि अन्तरराष्ट्रिय निकायलाई दिनुको साथै पुरै मधेशमा त्यसको प्रदर्शन गरियो। नेपालगञ्जमा मधेशीमाथि भएको ज्यादती हेरेर हरेक मधेशीको मनमा आक्रोशको आगो दन्कियो। मधेस आन्दोलनका लागि त्यो सिडि आगोमा पेट्रोलको काम गर्‍यो।

**जलायो संविधान**

एकातिर नेपालगञ्जको आगो मधेशीको मनमा दन्कि रहेको थियो भने अर्कोतिर अन्तरिम संविधान बनिरहेको थियो। त्यसमा मधेशको अधिकार र पहिचान समावेश नगर्ने हो कि भनि चिन्ता थियो। त्यसका लागि मधेशी जनअधिकार फोरमले दबाव बनाउने काम गरिरहेको थियो। त्यतिबेला फोरम पार्टी बनेको थिएन। अन्ततः जे सोचेको थियो त्यही भयो। अन्तरिम संविधान त्रुटिपूर्ण रह्यो। २०६३ माघ १ गते अन्तरिम संविधान जारी भयो र माघ २ गते उपेन्द्रजीको नेतृत्वमा त्यसलाई जलाउने काम भयो। अन्तरिम संविधान जलाएर मधेश आन्दोलनको उद्घोष गरिएको थियो। मधेश आन्दोलन, मधेश जनबिद्रोह र माघे बिद्रोह फोरम नेपालको नेतृत्वमा भएको हो।

फोरम नेपालको स्थापना बिराटनगरमा भएको थियो। फोरम नेपाल माओवादीले गठन गर्न लगाएको कुरा धेरैलाई थाह थिएन। माओवादीका थुप्रै नेता फोरममा आवद्ध थिए। केही नेता माओवादीमा नभए पनि फोरममा सक्रिय थिए। २०५४ मा मलाई फोरमको काठमाडौं उपत्यकाको इन्चार्ज र केन्द्रीय सदस्य बनाएको पत्र प्राप्त भयो। काठमाडौंबाट अमरेशनारायण झा, शिवराम यादव, र त्रिविका पारस यादव पनि हुनुहुन्थ्यो।

**किताब पढाएर जनता जगाउने**

उपेन्द्रजीले 'मधेसी समुदाय एक विवेचना' किताब लेख्नु भएको थियो। त्यसमा मधेशीको अधिकार र पहिचानको कुरा थियो। मधेशले के पाएन, के पाउनुपर्छ, नेपालमा मधेशीको स्थान कहाँ छ जस्ता कुराको विवेचना तथ्यसहित थियो। उपेन्द्रजीले मलाई त्यो किताब दिएर बेच्न भन्नुभयो। यो किताब पढेपछि मधेशी जनतामा आन्दोलनप्रति भाव जाग्छ भन्नुएको थियो। मैले त्यो किताब झोलामा बोकेर बिक्रि वितरणका लागि हिडेका थिए। मैले त्यो मधेसी समुदायहरु र पहाडि समुदायका पद्मरत्न तुलाधर, दमन नाथ ढुंगाना, मल्ल के सुन्दर, डा.सुमित्रा मानन्धर गुरुङ्, डा.एम.गुरुङ्ग, कृष्ण भट्टचन, सिके लाल, कपिल श्रेष्ठ, डा.सुन्दरमणी दिक्षित, सुदिप पाठक, श्याम श्रेष्ठ, नेता नरहरि आचार्य, महन्थ ठाकुर, सितानन्दन राय, डा.डम्बर नारायण यादव, रामेश्वर राय यादव, महेन्द्र राय यादव लगायतलाई बाँडे।

त्यतिबेला किताब किनि दिने मधेसीको सँख्या निकै कम थियो। एउटा किताब किनि हाले पनि तीन घण्टासम्म उसको भाषण सुन्नुपर्थ्यो। मध्य बानेश्वरमा डा.डम्बरनाराण यादवको एउटा एनजीयोको अफिस थियो। उहाँले १० वटा पुस्तक बेचि दिने भनि जिम्मेवारी लिनुभयो। तर छ महिनापछि उहाँले पाँच वटा किताब फिर्ता गर्नुभयो र पाँच वटा किताबको पैसा आफ्नो गोजीबाट दिनुभयो। मधेशीहरु आफै सर्वज्ञानी हुन्छ उसलाई किताबको जरुरत नै पर्दैन। उपेन्द्र यादवजीको बुझाई थियो कि मधेसीहरु किताब पढेपछि कुरा बुझ्छ, संगठनमा जुड्छ अनि आन्दोलनका लागि तयार हुन्छ।

कसैले एउटा किताब लिएपछि त्यसको पैसा लिनका लागि महिनौसम्म कुदाउँथे। १५० रुपियाँको किताबको पैसा लिनका लागि त्यो भन्दा बढी बस भाडामा खर्च हुन्थ्यो। तर त्यसलाई मैले कहिले झर्को मानिन् किनभने मलाई मधेशीको शैली थाह थियो। विस्तारै सुध्रिएला भनेर म किताब लिएर मधेशीको घरघर अफिस जान्थे। एकपटक जावलाखेलको सिँचाई आफिसमा गए त्यहाँको हाकिम रत्नेश्वर लाल कायस्थ हुनुहुन्थ्यो। जो पछि फोरमको सिफारिसमा मधेश प्रदेशको प्रदेश प्रमुख पनि बन्नुभयो। मैले उहाँलाई किताब दिएपछि उहाँको पहिलो प्रश्न नै थियो कि 'अपने सब ई जे माग उठा रहल छिए नेपालमें सम्भब छैय।'

यस्तो प्रश्न उहाँले मात्र होइन धेरैले गरेका थिए। मैले रत्नेश्वर सरलाई जवाफ दिए, 'सर असम्भब त केही छैन् तर संघर्ष लामो चल्छ।' उहाँले किताब लिनु भयो तर पैसा दिनुभएन पछि आउन भन्नुभयो। तीन दिनपछि जाँदा उहाँले पैसा दिनुभयो र किताबको प्रशंसा पनि गर्नुभयो।

**यसरी भयो मधेश आन्दोलन**

मधेश आन्दोलन अन्तरिम संविधान जलाउने बित्तिकै, रमेश महतोको हत्या हुने बित्तिकै रातारात भएको हो, मधेश आन्दोलन हिन्दुवादीले गराई दियो, राजावादीले गराई दियो, भारतले गराई दियो जस्ता कुरा भन्नु मिथ्या कुरा हो। मैले पनि कतिपय बुद्धिजिवीको मुखबाट यस्ता कुराहरु सुन्ने गरेको हुन्छु। मधेश आन्दोलन गर्नका लागि निकै लामो तयारी गर्नु परेको थियो। मधेशी जनताको घरघरमा गएर कन्भिन्स गर्नुपरेको थियो। मधेशमाथि भइरहेको विभेदको बारेमा पढाउनु परेको थियो। विभिन्न सभा गोष्ठी, सम्मेलनको आयोजना गर्नुपरेको थियो। युवालाई प्रशिक्षण दिनुपरेको थियो। राष्ट्रिय, अन्तराष्ट्रिय रुपमा मधेशको अवस्थाको बारेमा जानकारी गराउनु परेको थियो। तब गएर मधेश आन्दोलन भएको थियो। यस्तो आन्दोलन हुन्छ भनि काठमाडौंमा बसेका पढे लेखेका मधेशीले पनि पत्याएको थिएन तर हामीले धैर्य गर्न र प्रतिक्षा गर्न भनेका थियौ। भारतको पटनामा उपेन्द्र यादवको अध्यक्षतमा एउटा बैठक बसेको थियो। पटनाको प्रधानडाकघरको अपोजिटमा धर्मशालामा बैठक थियो। त्यो बैठकले मधेश आन्दोलन तयारी समितिको बनाइएको थियो। सो समितिमा जितेन्द्र सोनल, रामकुमार शर्मा र मलाई राख्यो। त्यसपछि झन आन्दोलनको चयारी तिब्र चलेको थियो।

**यसरी जोगियो उपेन्द्रको ज्यान**

भारतको पटनामा फोरमको विभिन्न बैठकहरु चलिरहेकै बेला एकदिन उपेन्द्रजीले मलाई भन्नुभएको थियो 'फोरमलाई बिघटन गर्नुस् म माओवादीतिर लाग्छु, मलाई माओवादीको केन्द्रमा लग्ने कुरा गरिरहेको छ म उता जान्छु तपाई के गर्नुहुन्छ ?' मैले उहाँलाई जवाफ दिएको थिए, 'तपाई माओवादीतिर लाग्नुस् म फोरम चलाउछु, म काठमाडौं बस्ने मान्छे म भूमीगत बस्न सक्दिन।' त्यतिबेला उपेन्द्रजीले मलाई थप प्रतिकृया दिनु भएन। पछि सल्लाह गरौला भनि हामी छुटिएका थियौं।

त्यो बेला फोरम नेपाल र माओवादीको बिचमा मधेसी पहाडीको बारेमा तिब्र बहस र विवाद सुरु भएको थियो। मधेसी र पहाडीको विवाद सुल्झाउनका लागि उपेन्द्र यादव, मातृका यादव, सुरेश आलेमगर, प्रचण्ड र डा.बाबुराम भट्टराई बिच दिल्लीमा छलफल हुने तय भएको थियो। त्यसमा मलाई पनि निमन्त्रणा दिएको थियो। म विरगञ्जबाट बिहार स्टेटको बस पटनाको लागि चढे। बस ढिलो पुगेको थियो।

सुरेश आलेमगर पनि पटना आउनु भएको थियो। आलेमगर, मातृका यादव र उपेन्द्र यादव तीनै जना दिल्लीको लागि हिडिसकेको कुरा मैले रामराजा बाबुबाट थाह पाएको थिए। म दिल्ली जान सकिन। त्यसको भोलीपल्ट रामराजा बाबुको निवासमा पुगेपछि थाह पाए कि उपेन्द्र यादव, मातृका यादव र सुरेश आलेमगर पक्राउ पर्नुभयो। उपेन्द्र यादवलाई दिल्लीको जेलमा र मातृका यादव, सुरेश आलेमगरलाई हेलीकप्टरबाट सेनाले काठमाडौं लग्यो।

उपेन्द्र यादवलाई छोडाउनका लागि रामराजाजीले निकै पहल गर्नुभएको थियो। त्यही कारण उहाँ रिहाइ हुनुभएको थियो। त्यो कुरा उपेन्द्रजीले सायद बिर्सिनु भएको छ। भारतमा चुनावको माहोल थियो। सबै नेताहरु आआफ्नो चुनावी क्षेत्रमा खटिनु भएको थियो। नेताहरुसँग भेट भइरहेको थिएन। उपेन्द्र यादव रिहाइ भएपछि माओवादीले शंका गर्‍यो कि उपेन्द्र यादवले नै मातृका, सुरेश आलेमगरलाई समात्न लगाएको हो। त्यसपछि माओवादीले उपेन्द्र यादवलाई ब्ल्याकलिस्टमा राख्यो।

भौतिक कारवाही गर्नेसम्मको तयारी थियो। उपेन्द्र यादवलाई मार्ने भनेर माओवादीले पार्टीमा निर्णय नै गरेको थियो। यो कुरा मैले




माओवादीका नेता जगत यादव, डम्बर यादव र शेखर यादवबाट जानकारी पाएको थिए। त्यसपछि म फेरि पटना गए। उपेन्द्र यादवलाई भेटे। उहाँले पनि माओवादीले गरेको निर्णय बारे जानकारी पाइसक्नु भएको थियो।

उपेन्द्र यादवले भन्नुभयो, 'मातृका यादवले चाहनु भयो भने मेरो ज्यान जोगिन सक्छ। मातृका यादवले पत्र लेखेर मलाई मार्न जसलाई खटाइएको छ त्यसको हातमा पत्र गयो भने म जोगिन सक्छु।' त्यसपछि पटनाबाट सिधै काठमाडौं फर्के। नख्खु जेलमा रहनु भएका मातृका यादवलाई भेट्न गए। मैले उपेन्द्र यादवले भनेका सबै कुरा सुनाए। मातृका यादवले एउटा पत्र लेखेर दिनुभयो। म त्यो पत्र लिएर फेरि पटना गए। उपेन्द्र यादवलाई सो पत्र बुझाए। त्यो पत्रकै कारण उपेन्द्र यादवको ज्यान जोगिएको हो। त्यसपछि उपेन्द्र यादव माओवादीतिर फर्केर हेर्नु भएन र फोरममा सक्रिय हुनुभयो। र फोरम नेपाल विघटन हुनबाट जोगियो।

**उपेन्द्र बनाउनेहरु**

फोरम नेपालका संस्थापक डा.रामविलास यादवले एक दिन मलाई फोन गरेर भन्नुभयो, 'बाटोमा हिडि रहेको बेला उपेन्द्र यादवलाई एउटा मोटर साइकलले ठक्कर हानेको छ, खुट्टामा हल्का चोट लागेको छ बिराटनगरमा ठिक भएन काठमाडौंमा देखाउनु पर्‍यो त्यसमा सहयोग गर्नुहोस्।' मैले हुन्छ पठाई दिनुस् भने। उपेन्द्रजी आएपछि मैले बी एण्ड बी अस्पतालमा डा.भरत यादवलाई भनेर भर्ना गराए। उहाँको उपचार

# ाँ छन् उपेन्द्रलाई नेता बनाउनेहरू ?

सो अस्पतालमा फ्रिमा भएको थियो । फोरमको केन्द्रीय समितिको बैठक भारतको पुर्णिया, अडडिया, पटना, मजपफरपुर, दरभंगा, जोगबनी, रक्सौल, लौकहा, लौकही, मनसापुर लगायतका ठाउँमा हुन्थ्यो ।

जयकृष्ण गोईत र उपेन्द्र यादवको भेटघाट भारत बिहारको बिक्रमशेरमा भएको थियो । ज्वाला सिंह र उपेन्द्र यादवको भेटघाट रक्सौलको रेलवेस्टेशनमा भएको थियो । फोरम नेपालको बैठक बस्दा एक पटक बैठकमा भएको उपस्थिति अर्को बैठकमा त्यसको आधा हुन्थ्यो । फोरम नेपालको निर्माणको क्रममा उपेन्द्र यादवको जन्मस्थान सप्तरीमा बस्ने र खाने सुबिधा लालीगुराँस अवासीय विद्यालयका प्रमुख सुबुद्धि साहजीको योगदान अहम् थियो । डा.महानन्द ठाकुरले आफनो राजदुत मोटरसाईकलमा राखेर मोरगं, सुनसरी, सप्तरीलगायतको ठाउँमा घुमाउनु हुन्थ्यो । संगठन निर्माणका लागि कहाँ कहाँ जानु पर्थ्यो त्यहाँसम्म महानन्द ठाकुरले पुर्याउनु हुन्थ्यो । उपेन्द्र यादवलाई बनाउनमा सप्तरीकै बलराम यादव, आर.डि.आजाद, रघुवीर साह, विवेकानन्द सिंह, शैलेन्द्र साह, अर्जनु साह, मो.सबिर लगायतको सुबुद्धि साह सरको योगदान स्मरणयोग्य छ । उपेन्द्र यादवलाई सप्तरीकै यादवहरुले खाना खाने कुरा त परको कुरा बस्न पनि दिदैन्थे । कारण थियो, मधेसी जनअधिार फोरम नेपाल माओवादीको भातृसंगठन हो भनि सद्भावना पार्टीको नेताहरु



प्रचार गर्थे । त्यही कारणले सप्तरीका यादवहरुले पनि उपेन्द्र यादवलाई स्विकार गरिरहेका थिएनन् ।

**मातृकासँग पहिलो भेट**

म काठमाडौंको सातदोबाटोमा बस्थे । मेरो सानोतिनो व्यपार थियो । एक दिन सिरहा कल्यणपुरका प्रदीप यादवले जो नार्कमा कार्यरत हुनुहुन्थ्यो । उहाँले मलाई भन्नुभयो, तपाईसँग एक जना नख्खु जेलमा भेट्न चाहनु भएको छ ।' उहाँले त्यो दिन नाम भन्नुभएन । म नख्खु जेल दिन मात्र भन्नुभयो । म त्यहाँ गएर मातृका यादवलाई भेटेको हुँ । मातृका यादवसँग भेट्ने त्यो मेरो पहिलो दिन थियो । मातृकालाई भेटेपछि मलाई पनि राज्यले निगरानीमा राख्न थाल्यो । मेरो बारेमा पनि सोधखोज गर्न थाल्यो ।

माओवादी र सरकार बिच वार्ता भंग भएपछि मैले आफ्नो व्यवसाय छाडेर भारतको पटना लागे । पटनामा उपेन्द्रजीसँग भेटे । पूर्ण लोकतन्त्र बहाली हुनुपर्छ भनि हिन्दी भाषामा एउटा पर्चा छपाउनु भएको रहेछ । नेपालबाट उहाँलाई धेरै मान्छे भेट्न जान्थे तर कसैले पनि नेपालसम्म त्यो पर्चा लग्ने हिम्मत गरिरहेका थिएनन् । म त्यो पर्चा लिएर भारतको सीतामढी हुँदै सर्लाही पुगे । त्यहाँ महेन्द्रराय यादवसँग भेट भयो । उहाँ एमाले पार्टीमा हुनुहुन्थ्यो । मैले उहाँलाई पर्चा दिएपछि हेर्नुभयो र हतपत आफ्नो गोजीमा हाल्नुभयो । राती उहाँसँगै बसे । भोलीपल्ट नाइट बसेर काठमाडौं फर्के । जेपी गुप्तालाई तत्कालिन राजा ज्ञानेन्द्रले पक्राउ गरी थुनेका थिए । राजविराजको अर्जुन साह पनि थुनामा हुनुहुन्थ्यो । कालीमाटी प्रहरी चौकीमा गएर मैले जेपी गुप्तालाई भेटे र उपेन्द्रजीले दिनुभएको त्यो पर्चा उहाँलाई दिए । त्यो पर्चा पढेपछि जेपीजीले मलाई भन्नुभयो, 'बीपीजी तपाई यो के गर्नुभएको हो, यस्तो रिस्क किन लिनुभयो, बाटोमा सेनाले खोजतलास गरेपछि पर्चा भेटेको भए तपाईको जीवन बर्बाद हुन्थ्यो तपाईका साना साना बच्चा छन् ।'

जेपीजीले भनेको कुरालाई मैले कुनै वास्ता गरिनन् किनभने म उपेन्द्र यादवको निर्देशन मात्र मानेको थिए । उहाँ मेरो कमाण्डर हुनुहुन्थ्यो म सेना । उहाँले जे निर्देशन दिनुहुन्थ्यो म आफ्नो ज्यान जोखिममा राखेर पनि पुरा गर्थे । यस्ता कैयौं उदाहरणहरु छन् ।

म जेपी गुप्ता र अर्जुन साहलाई छोडाउनका लागि सर्वोच्च अदालतमा रिट दायर गरेको थिए । त्यसबाट उहाँहरु रिहाइ हुनुभयो । तर जेपी गुप्ता रिहाइ भएपछि पुनः समात्नका लागि सादा पोसाकका प्रहरी पहिलादेखि नै जेपी निवासमा पुगि सकेको थियो । त्यो कुरा मैले थाह पाएपछि उहाँलाई लिएर म आफ्नो डेरामा ल्याए । तर मेरो डेरा पनि सुरक्षित थिएन । प्रहरीको नजर मेरो डेरातिर पनि थियो । अनि रातारात मैले सुन्धारामा होटल चलाएर बसेका श्याम महतो कहाँ गए । जेपीलाई जसरी पनि सुरक्षित तरिकाले काठमाडौं बाहिर निकाल्नुपर्छ भने । श्यामजीले त्यसको चिन्ता नगर्नु । जेपीजी अब मेरो जिम्मामा आउनुभयो म यसको व्यवस्थापन गर्छु भन्नुभयो । भोलीपल्ट पोखराको पर्यटकबसमा टिकट काटेर जेपीजी र म हिडे । मुग्लीनमा अर्को बस चढे । नारायणघाट हुँदै पटना पुगे । उपेन्द्र यादव र फोरम बनाउन यस्ता रिक्स कति लिए कति । जावलाखेलको स्टाफ कलेजको फोरमले एउटा वृहत कार्यक्रमको आयोजना गरेको थियो । त्यसमा जेपी गुप्ताले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । काठमाडौंमा मधेशीको यो खालको कार्यक्रम सायद पहिलो थियो । सो कार्यक्रमप्रति राज्यको पनि नजर गएको थियो ।

त्यो कार्यक्रममा २० जना वक्ता थिए । सो कार्यक्रमबाट राजनितिक र बौद्धिक वर्गमा ठुलै छाप छोडेको थियो । बबिता बस्नेतले घटनाबिचार सप्ताहिकमा त फोरम नेपाललाई पृथकतावादी संस्था नामाकरण गर्नुभएको थियो । एउटा एक अर्को कार्यक्रम धुलीखेलमा भएको थियो । त्यसमा उपेन्द्र झा, सितानन्दन राय, विजयकान्त कर्ण, अमरेश कुमार सिंह, सरिता गिरीलगायत युवा विद्यार्थीहरुको पनि सहभागिता थियो । दुई दिनको अवासीय कार्यक्रम समाप्त भयो । दोस्रो जनआन्दोलन सुरु भएको थियो । त्यसमा एक्यबद्धता जनाउने सहमति भएको थियो ।

**जनआन्दोलनप्रति ऐक्यवद्धता**

बानेश्वरमा भेला भएर जनआन्दोलनप्रति ऐक्यवद्धता जनाउने सहमति भएको थियो । तर ब्यानर लग्ने कोही हिम्मत गरेन । भारतमा रहनु भएका उपेन्द्र यादवसँग मैले फोनमा कुरा गरे । उहाँले फोरमको ब्यानर बनाएर लग्नुस् भन्नुभयो । चार मिटर ब्यानर लगएर बानेश्वरमा झुण्ड्याएको थिए । प्रहरीले कफ्र्यु लगाएको थियो । ब्यानर झुण्ड्याउने बित्तिकै त्यसलाई हटाएर धडपकड गर्न थाल्यो । हामीले त्यहाँ नारा लगाएका थियौ । मधेसी जनअधिकार फोरम नेपालको पहिलो एरेष्टिग थियो ।

त्यसमा म बीपी यादव, हृदेश त्रिपाठि, राजेन्द्र महतो, खुशीलाल मण्डल, विजय लाल कर्ण, सुरेन्द्र महतो, पत्रकार सुरेशकुमार यादव, रामकिशोर सिंह, रामचन्द्र झा, गणेश नेपाली, मुरली सिंह, अमरेश सिंहलगायतका व्यक्ति पक्राउ पर्नुभयो । राजेन्द्र महतो धोती कुर्तामा हुनुहुन्थ्यो । प्रहरीले भ्यानबाट ओरालेपछि एक जना प्रहरीले भनेछन्, 'तिमीहरुलाई कालमिटीबाट ल्याएको हो ?' यो सुनेर राजेन्द्र महतोको प्रेसर हाई भयो हेर यिनीहरुको मानसिकता मधेसी जति सबै तरकारी मात्र बेच्छन् ? एक छिन खुब हाँसे ।

थुनेर राखेको ठाउँमा खाना र पानीको राम्रो व्यवस्था थिएन । भित्रै आन्दोलन र अनशन बस्ने निर्णय भयो । मानवअधिकारवादी संघ संस्थाका व्यक्तिहरु पनि आए । उनीहरुको आग्रहका कारण सुविधा दिने निर्णय भएको थियो । हामीलाई त्यहाँ अधिकृतस्तरको खाना दिन थाल्यो । थुनामा रहेका नेता तथा अधिकारकर्मीहरु त्यही राजनीतिक अन्तरक्रिया कार्यक्रमहरु गर्थै । रामचन्द्र झाले भन्नुभएको थियो, 'नाङ्गलोमा बिडी, सिगरेट बेच्ने तर एमाले कहिले न छाड्ने । नेपाली काँग्रेसका नेता सुशील भण्डारी र सद्भावना पार्टीका नेताहरुको संबैधानिक राजतन्त्रको मोह देखियो । हामी १९ दिनपछि रिहा भएका थियौं ।

सातदोबाटोमा मधेसी जनअधिकार फोरमको आफिस थियो । स्थिति समान्य भएपछि उपेन्द्र यादव पनि काठमाडौं आएर बस्न थाल्नुभएको थियो । उहाँलाई भेट्न दर्जनौ नेताहरु पार्टी कार्यालयमा आउनुहुन्थ्यो । अन्तरिम संविधान निमाणको समय थियो । फोरमको तर्फबाट बबरमहलमा सुझाव दर्ता गराएको थिए । नेपाली काँग्रेसको सभापति गिरजा प्रसाद कोईरालाको नेतृत्वमा माओवादीहरु जंगलबाट एकैपटक संसदमा पुगे । त्यसको विरोधमा फोरम थियो । मलाई याद छ नेपाली काँग्रेसका नेता प्रदिप गिरि र दुर्गा सुवेदीले अध्यक्ष उपेन्द्र यादवलाई भन्नुभएको थियो, 'फोरमको तर्फबाट पनि संसदमा जाने हो भने उपेन्द्रजीले मलाई भनोस् म गिरजा बाबुलाई भन्छु ।' उहाँको प्रस्ताव उपेन्द्र यादव र मैले स्विकार गरे । अन्तरिम संविधान घोषणा हुने दिन म र उपेन्द्र यादवसँगै थिए । एउटा कोठामा ब्ल्याक एण्ड ह्वाइट टिभीमा सबै घटनाक्रम हेरिरहेका थिए ।

**संविधान जलाउने तयारी**

ठूला ठूला कुरा गर्ने मधेशी नेताहरुको हैसियत पनि हरिरहेका थियौं । हामी के गर्ने भनि सल्लाह भयो । उपेन्द्र सरले केही ठाउँमा फोन गर्नुभयो र मलाई पनि भन्नुभयो, किर्तिपुरमा विद्यार्थीलाई फोन गरेर माइतीघर मण्डलमा भोली विहान जम्मा हुनलाई भनुस् ।' एक हजारको रिचार्ज गराए । एउटा सुचना बनाए । कुरा हुनेसँग फोनमा कुरा गरे कुरा हुन नपाएकाहरुलाई म्यासेज पठाए । तर हामीले राती गरेको यो कुरा प्रहरीको कानमा पुगि सकेको थियो । विहान हामी माइतीघरमा पुग्दा त हामीभन्दा बढी प्रहरी नै थिए त्यहाँ । उपेन्द्र यादवलाई भाषण गर्न लगाए । विद्यार्थीहरुको हातमा अन्तरिम संविधानको फोटोकपी दिएर त्यसलाई पेट्रोलमा भिजाए । र त्यसमा आगो लगाए । त्यसपछि प्रहरी पक्राउ गर्न थाले । प्रहरीले उपेन्द्र यादवलाई पनि खोजी रहेको थियो तर उपेन्द्र यादव अर्कै भेषमा आएको कारण त्यहाँ उनीहरुले पहिचान गर्न सकिरहेको थिएन । विद्यार्थी नेता कपलेश्वर यादवले एकजना प्रहरीलाई भन्नुभयो, 'हामीलाई किन समातेको उपेन्द्र यादवलाई समात्नु न प्रमोशन हुन्छ ।' उपेन्द्र यादव खैरो ज्याकेट लगाएको कारण प्रहरीले पहिचान गरिरहेको थिएन । कसैले त्यहाँ चिन्हाइ दिए सायद अनि उहाँसहित अन्य नेताहरुलाई समात्यो ।

त्यसको अघिल्लो दिन राष्ट्रिय जनमोर्चाले पनि अन्तरिम संविधान जलाएका थियो तर उसलाई प्रहरीले केही गरेन । हामी जलाउछौ भनि थाह पाएर प्रहरीहरु पहिलादेखि तैनाथ थिए । उपेन्द्र यादवसहित म, उपेन्द्र झा, किशोर विश्वास, रामकुमार शर्मा, बलराम प्रसाद यादव, कुमार कम्लेन्द्रम, बिष्णु नारायण यादव, सुरज कुमार मेहता, भगवान यादव, ओम प्रकाश चौधरी, कपलेशवर यादव, सियाराम चौधरी, बिजय कुमार चौधरी, डम्बरनारायण महतो, रामेश्वर राय यादव, निलम बर्मा, अबधेश कुमार सिंह, अमरेशनारायण झा, रामकिशोर सिंह, नथु यादव सहित समातिएका थिए ।

सिंहदरवार प्रहरी चौकीमा हामीलाई राख्यो । त्यहाँ हामीसँग दुरव्यवहार गरिरहेको थियो । व्यवस्थापन राम्रो थिएन । गृहमन्त्रीदेखि लिएर मानवअधिकारकर्मी सबैलाई फोन गरे । कसैले केही सुनुवाई गरेनन् । मानवअधिकारकर्मीहरु प्रहरीलाई फोन गर्दा कुनै सुनुवाई हुँदैन्थ्यो । त्यसपछि मैले अन्तराष्ट्रिय मानवअधिकारकर्मीलाई फोन गरे । उहाँहरुले लागेपछि मात्र प्रहरीले हाम्रो लागि राम्रो व्यवस्था गर्‍यो । विद्यार्थीहरुको परीक्षा थियो । उनीहरुलाई छाडेन भने जीवन बर्बाद हुन्छ अनि म आफ्नो जमानतमा १४ जना विद्यार्थीलाई रिहाइ गर्न लगाएर पठाएका थिए । बाँकीको म्याद थपेर थुनामा पठायो । त्यहाँ कुनै व्यवस्था थिएन । प्रहरीले आआफ्नो व्यवस्था आफै गर्नुहोला भन्यो । सबैजनाले एक अर्काको मुख मात्रै हरिरह्यो । अनि मैले राजेन्द्र खेतानलाई त्यहीबाट फोन गरेर उहाँले एकजनालाई पठाएर २० हजार रुपियाँ सहयोग गर्नुभयो । त्यसले टेन्ट, खानेकुरामा समान, हिटरलगायतका समानुहरु मगाए । ती सबै समानको व्यवस्थापन फोरमका युवा उपत्यका ईञ्चार्ज जितेन्द्र साहले गर्नुभएको थियो ।

भोलीपल्ट प्रहरीले बयान लियो । मलाई सोध्यो तपाईलाई प्रहरीले किन समातेको अनि मैले अन्तरिम संविधान जलाएको कारण समातेको हो जवाफ दिए । त्यसपछि उपेन्द्र झाले उपेन्द्र यादवलाई भन्नुभयो 'हेर्नुस् बीपीजीले के गरिरहनु भएको छ, उहाँले त संविधान जलाएको कारण हामीलाई समातेको भन्नुभयो यस्तो भनेपछि त हामीलाई कहिले छाड्दैन ।' त्यही समातिएकामध्ये सबैको फोन प्रहरीले आफ्नो नियन्त्रणमा लिइसकेको थियो । तर मसँग छदै थियो । प्रहरीले मेरो फोन लिन लाख कोशिस गर्‍यो । तर मैले फेला नै पार्न दिइनन् । हामी बस्ने ठाउँमा पटक पटक खानतलासी भएको थियो । तर उनीहरुले फेला पार्न सकेनन् । एक दिन कान्तिपुरले समाचार लेख्यो, थुनामा रहेका मधेशीमाथि दुरव्यवहार भयो । त्यसपछि गृहमन्त्रीले झन हामी बस्ने ठाउँको खान तलासी गर्न लगानुभयो । मोवाइल भएको कारणले मैले नै बाहिर सबैसँग सम्पर्कमा थिए । भित्रका सबै गतिविधि जानकारी गराउथे । एक जना प्रहरी जवान जनजाति थिए । मैले उहाँलाई भने यो मधेशीको लागि मात्र आन्दोलन होइन, जनजातिका लागि पनि हो यसमा तपाईले पनि सहयोग गनुपर्छ ।' उहाँ कन्भिन्स हुनुभयो । ल सर तपाई मोवाइल जति चलाउनु हुन्छ चलाउनु म बाहिर हेर्छु ।

**प्रहरी चौकीमा पनि कुटपिट**

त्यसपछि उपेन्द्र यादवले पनि मेरै मोवाइलबाट जिल्ला जिल्लामा नेता तथा कार्यकर्ताहरुसँग सम्पर्क गर्न थाल्नुभयो । आन्दोलनको तयारीमा लाग्न निर्देशन दिनुभयो । उहाँको निर्देशनपछि मधेश तातिन थाल्यो । ठाउँ ठाउँमा चक्का जाम, बन्द हुन थाल्यो । हामी भित्र हुँदा नै लहानका रमेश महतोको हत्या भएको थियो । आन्दोलन चर्केपछि बेलुकी ८ बजे प्रहरीलाई निर्देशन आयो मधेशीहरुलाई बाहिर निकाल । सबै जना सिरकमा थिए ।

यो जाडोको मौसममा कहाँ जाने भन्यौ अनि जहाँ जानुछ जानुस् तर यहाँबाट निस्किनुस् । जवर्जस्ती निकाल्न खोजेपछि त्यहाँ होहल्ला भयो । किशोर विश्वासले एक जना प्रहरीलाई झापड पनि हान्नुभयो । प्रहरी लड्यो म पनि एक लात हान्दिए । दुई जना प्रहरीले अमरेशनारायण झालाई समातेर चौरमा फ्यालि दिए । झाजी बेहोस् हुनुभयो । उहाँलाई प्रहरी भ्यानमा राखेर वीर अस्पतालको नालामा लगेर फ्यालि दिएको थियो । म र उपेन्द्र झा, उपेन्द्र यादव पनि पछि पछि वीर अस्पताल गयौं । खोज्यो भेटेन । अनि एकजनाले त्यहाँ नालामा कोही एक जना छ भन्यो । हामी त्यहाँ गयौं अमरेशनारायण झा नै हुनुहुन्थ्यो । हामी निकालेर इमर्जेन्सीमा भर्ना गर्‍यौं । त्यहाँ अरु अरु साथीहरु पनि आउनुभयो ।

बाँकी पृष्ठ १२ मा

# १८ वर्ष...

लहानका संघसंस्थाको आवाजलाई सरकारले सुनेन। स्थानीय स्थिति बुझेका मानवअधिकारकर्मी, संचारकर्मीहरूले जे सोचिरहेका थिए आखिर त्यही भयो। सरकारले उता काठमाडौंमा मधेसी नेताहरूलाई छोडेन यता मधेसीहरू विस्तारै जुट्दै गए। लहानमा आन्दोलन गरिरहेका फोरमका तत्कालिन केन्द्रिय सदस्य कृष्ण बहादुर यादवका अनुसार आन्दोलनका लागि कार्यकर्ताहरूको आवश्यकता थियो। जसको लागि लहानका राप्रपा नेपालका नेता तथा पूर्व मेयर प्रकाश केसीले मधेस आन्दोलनमा सहयोग गर्न आफ्ना पक्षका केही मधेसीमूलका कार्यकर्ताहरू परिचालन गरि दिनुभएको थियो।

केही मधेसी मूलका राजतन्त्र विरोधी व्यक्तिहरूले प्रकाश केसीलाई राजा ज्ञानेन्द्रको शासन कालमा मेयर भएको विरुद्धमा लहानको राजमार्गमा कालोमोसो लगाएर घुमाएका थिए। उक्त घटनाको बदलाको भाव राखिरहेका केसीले माओवादी विरुद्ध मधेसी शक्तिलाई सहयोग गरेको पनि आरोप लागेको थियो। लहानमा आन्दोलनको नेतृत्व गरिरहेका कृष्ण बहादुर यादवले एक आफ्नो  अन्तर्वार्तामा भनेका थिए, ' प्रकाश केसीले आफ्नो कार्यकर्ता दिएर हामीलाई सहयोग नगरेको भए आन्दोलन हाक्न समस्या पर्ने थियो।' मधेस आन्दोलनमा मधेसीहरूको मात्र सहयोग थिएन। लहानमा रहेका पहाडी समुदायले पनि मधेसीको आन्दोलनको पक्षमा एक्यवद्धता जनाउँदै जुलुश प्रदर्शनी गरेका थिए। आन्दोलन प्रति सरकारको उदासिनता भएकोले प्रतिवाद गरेर बस्नु भन्दा मधेसीहरूले जतिसुकै अपशब्दहरू प्रयोग गरेको सुनिए पनि पहाडीहरू संगठित रूपमा मधेसीको आन्दोलनको पक्षमा उभिएको कुरा पत्रकार विजय मिश्रले आफ्नो एउटा रिर्पोटमा उल्लेख गरेका छन्। अन्यत्र पहाडीहरूले प्रतिकार जुलुश निकाल्नु तर लहानमा मधेसीको समर्थनमा जुलुश निकाल्नुको पछाडी स्थानीयता प्रतिको लगाव थियो।

लगातारको मधेस आन्दोलनले उग्रबन्दै गएको अवस्थामा मधेसीहरूलाई पहाडी विरोधी नभई सरकार विरोधी मात्र बन्न तर्फ आकर्षित गर्न पहाडीहरूले जुलुश निकालेर मधेसीहरूलाई साथ दिएका हुन सक्छन्। लहानमा २०६३ माघ ५ गते चक्काजाम भइरहेको बखत माओवादी नेता राम कार्की सहित उहाँका कार्यकर्ताहरूको गाडीलाई फोरमका कार्यकर्ताहरूले रोकेका थिए। बाटो खोलाउने र बन्द गर्ने विषयमा दुबैपक्ष बीच विवाद भइरहेको बेला माओवादी कार्यकर्ता सियाराम ठाकुरले चलाएको गोली लागि विद्यार्थी नेता रमेशकुमार महतोको मृत्यु भएको थियो।

आक्रोशित फोरमका कार्यकर्ताहरूले लहानमा रोकेर राखिएका १२ वटा भन्दा बढी सवारी साधनहरूमा आगजनी गरे। लामो दूरीका ५ सय भन्दा बढी यात्रुहरू ६ दिनसम्म लहानमा अलपत्र परे। माघ ६ गते दिउँसो मृतक रमेशकुमार महतोको शव सहित बजार परिक्रमा गरिए पनि राजमार्गमा शव सहित धर्नामा बसेका प्रदर्शनकारीमाथि राती करिव साढे ९ बजेतिर दुई दर्जन जति मोटर साइकल, एउटा जीप र दुई वटा ट्रकमा आएका माओवादीहरूले हस्तक्षेप गरि शव खोसेर लगे। लाश लाने माओवादीका नेता मातृका यादवले मृतकको परिवारकै सहमतिमा मृतकका दाजु र दुई जना छिमेकी सहित शव लिएर गएको त्यतिबेला प्रतिकृया दिनुभएको थियो। माघ ६ गते फोरम सम्वद्ध प्रदर्शनकारीहरू मृतक रमेश कुमार महतोको शव लहानस्थित लोकतान्त्रिक चौकमा पाल टाँगेर धर्नामा बसेका थिए। उनीहरूले आन्दोलनका लागि १७ सदस्यीय समिति निर्माण गरी केही मागहरू सार्वजनिक गरेका थिए। लाश राखिएको चौकलाई 'वीर शहिद रमेश चोक' नामाकरण गर्दै पीडित परिवारलाई २५ लाख क्षतिपुर्ति, चोकमा रमेशको सालीक निर्माण, पीडित परिवारको एक जनालाई सरकारी सेवामा रोजगारी दिनुपर्ने, घटनाका दोषीलाई आजिवन कारावासको सजाय, गृहमन्त्रीको राजीनामा सहित प्रधानमन्त्रीले मधेशी समुदाय समक्ष सार्वजनिक रूपमा माफी माग्नु पर्ने माघहरू आन्दोलनकारीहरूले राखेका थिए।

माग पुरा नभएसम्म शवको दाह संस्कार नगर्ने भनेर सडक अवरुद्ध गर्दै बसेका थिए। लहानवाट रमेश महतोको लाश लिएर जाने क्रममा लाशसंगै बसिरहेकाहरूलाई कुटपिट गरि जेठो दाइ रामकृष्ण महतो, पत्रकार बद्रिनारायण यादव सहित ३ जनालाई मओवादीहरूले सँगै लगेका थिए। माओवादीले लाश लुट्नु अघि स्थानीय प्रशासन, सात राजनीतिक पार्टीका स्थानीय प्रतिनिधिहरूसंग दिनभरी बार्ता गरी समस्या समाधानका लागि प्रयासहरू गरेको थियो। कुनै निकास नआएपछि घरपरिवारलाई लाश जिम्मा लगाउने वा उनीहरूकै उपस्थितिमा लाश जलाउन पाइएमा विस्तारै आक्रोश कम हुने माओवादी नेता मातृका यादवले सोचे र सोही अनुसार लाश लगेर सिरहा जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने घुर्मी खोलामा माओवादीको सुरक्षामा जलाउनु भएको थियो। यो घटनाले झनै प्रतिउत्पादक काम गरेको थियो। गोली पनि हान्ने लास पनि लुटेर लगे भन्ने जानकारी गाउँका मानिसहरूले पाएपछि सबै आक्रोशित हुनु स्वभाविक थियो। त्यसपछि आन्दोलन सुरक्षा निकायको नियन्त्रणभन्दा बाहिर गयो।

**एकै दिन चार जना सहिद**

प्रहरी माओवादीसँग मिले भनेर आन्दोलनकारीले लहानको प्रहरी चौकीमा आक्रमण गर्ने प्रयास गरेका थिए। प्रहरीले आत्मसुरक्षा गर्ने क्रममा चलाएको गोली लागि सोठियाइन-९ मिर्जापुरका १७ वर्षिय

प्रमोद सदाय र लहान -४ का २२ वर्षिय विजय कुमार सहनीको तत्काल मत्यु भएको थियो भने २२ जनालाई सैनिकको हेलिकप्टरबाट उपचारका लागि काठमाडौं लगिएको थियो। उपचारकै क्रममा माघ ९ गते काठमाडौंमा ढोढना-५ का वेचन यादव र महेशवारीका मो.मोजाद्दिन (अनिस राइन) को मृत्यृ भएको थियो। एकै दिन चार जना सहिद भएपछि बजारमा आन्दोलन दैनिक रूपमा चल्ने, खाना खाए पछि दिउसो जुलुशले नगर परिक्रमा गर्ने, कोणसभा गर्ने गरिन्थ्यो। कहिले पहाडी समुदायले, कहिले कर्मचारी र विभिन्न पेशागत संघसंस्थाहरूले मधेसी आन्दोलन प्रति एक्यबद्धता जनाउँदै जुलुसहरू निकाल्ने गरेका थिए।

शुरुमा जुन किसिमको हिंसात्मक गतिविधि बढेको थियो। तर पछिसम्म आन्दोलन चलिरहे पनि त्यो अनुसारको हिंसात्मक घटनाहरू भएनन्। मधेस आन्दोलनमा ऐक्यबद्धता जनाउदै पहाडेमूलका मधेसवासीहरूले माघ २० गते विहान ८ वजे लहानमा वृहत्त प्रर्दशन गरेका थिए। संघीय राज्यको घोषणा गर, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र घोषणा गर, प्रधानमन्त्रीको सम्बोधन धोका हो, मान्छे मार्न पाईदैन, हत्यारा प्रशासन चाहिदैन, गृहमन्त्री राजिनामा दे, मधेसको माग पुरा गर लगायतका नारासहित लोकतान्त्रिक चौकबाट निस्किएको विरोध जुलुस गणेश चौकमा पुगेर नगरपरिक्रमा गरिएको थियो।

**गिरिजाप्रसाद कोइरालाको सम्बोधन**

तत्कालिन प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले माघ २४ गते अवेर राती राष्ट्रको नाममा गरेको दोस्रो सम्बोधन सकारात्मक भए पनि मधेशको मागलाई पूर्णरूपमा समेट्न नसकेको ठहर गर्दै लहानका पेशाकर्मी, बुद्धिजीवि तथा नागरिक समाजले माघ २५ गते विहान पुनः दवाव सृजनाका लागि जुलुश प्रर्दशन गरेका थिए। कोणसभामा बोल्दै डा.महादेव साहले प्रधानमन्त्रीको सम्बोधनको विश्लेषण गर्दै जातीय आधारमा निर्वाचन क्षेत्र निर्धारण र समानुपातिक निर्बाचन प्रणालीको माग पुरा गर्न सरकारले नचाहेको आरोप लगाउदै मधेशको आन्दोलन शान्तिपूर्ण रूपमा जारी राख्नु पर्ने अडान राखेका थिए। लहानमा आन्दोलन जारी रहेपनि मधेसी जनअधिकार फोरमले आन्दोलन स्थगित गर्ने निर्णय गरेपछि बिस्तारै लहानको आन्दोलन पनि सेलाउँदै गयो।

आन्दोलनले मधेसमा धेरै क्षति भयो। लहान र वरपर महतो थरका मानिसको बाहुल्यता छ। प्रथम सहिद महतो थरका भएकाले महतोहरू बढी सक्रिय भए जसले लहानमा आन्दोलन चर्किन सक्यो। तर, ठीक त्यस्तै लहानमा थारु समुदायको पनि बाहुल्यता छ। तराईलाई मधेस भन्न नरुचाउने थारुहरूले तत्कालिन मधेशी जनअधिकार फोरमले बन्दको आह्वान फिर्ता लिए पनि लहानमा थारु कल्याणकारी सभा लहानले माघ २६ गते सिरहा बन्दको आव्हान गरेको थियो। सभाका जिल्ला सभापति चन्द्रकिशोर चौधरीले जारी गरेको विज्ञप्तीमा थारु कल्याणकारीणी सभाको मूल माग जातिय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधीको सुनिश्चितता, जातीय संस्कृती, भाषा भेषभुषाको आधारमा समानुपातिक संघीय प्रदेशको विभजन,जातीय स्वायतता, आत्म निर्णयको अधिकार र थरुहट प्रदेशको घोषणालाई अन्तरीम संविधानमा संशोधन गरी समावेश गर्नु पर्ने माग राखि बन्दको आयोजना गरिएको जनाइएको थियो।

तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मधेस आन्दोलनको लागि गरेको पहिलो सम्बोधनमा मधेस शब्द नपरेकोमा मधेसीहरू झनै उग्र भएका थिए। तर दोस्रो सम्बोधनमा मधेस शब्द परेपछि फोरम शान्त भए पनि थारुहरू मधेस हैन थरुहट क्षेत्रको माग गर्दै मधेस आन्दोलन सेलाउन नपाउँदै आन्दोलनमा उत्रिएका थिए। थारुहरूको सक्रियताले मधेसको समस्या समाधान गर्न सरकारले तत्कालिन मधेसी जनअधिकार फोरमसँग मात्र बार्ता गरेर नपुग्ने अवस्था देखियो। जसको प्रभाव स्वरूप मधेसमा थारुहरू द्रुत रूपमा संगठित भए र थारुहट क्षेत्रका लागि पटक पटक आन्दोलन गरिरहे।

२०६४ भदौ १३ मा मधेसी जनअधिकार फोरम र नेपाल सरकारबीच जनकपुरमा २२ बुँदे संझौता भएपछि २०६३ साल माघ २ गतेदेखि शुरु भएको मधेस आन्दोलन पूर्णत रोकिएको थियो। तर संझौता धोखा हो भनेर मधेसी जनअधिकार फोरमबाट भाग्यनाथ गुप्ता अलग हुनुभएको थियो। थारुहरूको आन्दोलन बढ्दै गएपछि तत्कालिन फोरमका किशोर विश्वास पनि उपेन्द्र यादवसंगै राजनीति गर्न सक्नु भएन। फोरमभित्र नै फुटको राजनीति शुरु भएको थियो। गैरसरकारी संस्था जस्तो रहेको मधेसी जनअधिकार फोरम पछि राजनीतिक पार्टीको रूपमा स्थापित हुन सफल भयो। र मधेसमा नयाँ अनुहारका मानिसहरू राजनीतिमा ह्वात्तै प्रवेश गरे। फोरमको संगठन गाउँ तहसम्म विस्तार भयो।

रामरिझन यादवले मार्टिन चौतारीको एउटा कार्यक्रममा भन्नुभएको थियो, 'पहिलो, नेकपा (माओवादी) कार्यकर्ता सियाराम ठाकुरले विद्यार्थी रमेशकुमार महतोको हत्या नगरेको भए मधेसी आन्दोलनले यत्तिको उचाई प्राप्त गर्ने थिएन। केही दिनपछि आन्दोलन सेलाएर जान्थ्यो। दोस्रो महतोको हत्या पश्चात एकपछि अर्को घटना घटदै गयो। घटनाक्रमको विकास र निरन्तरताको कारण आन्दोलनले नियमितता प्राप्त गर्न सक्यो। रमेशकुमार महतोको हत्या विरुद्ध चर्केको आक्रोश प्रारम्भमा नेकपा माओवादी विरुद्ध केन्दित भए पनि अन्तत : त्यो मधेसी विद्रोहमा परिणत भयो।'

मधेस विद्रोहका कारणले मधेस र मधेसीको पहिचान र राज्यको सबै क्षेत्रमा समावेशीको कुरा उठेको छ। मधेस र मधेसीको सशक्तीकरण गर्ने अवसर प्राप्त भएको छ। मधेसका केही बुद्धिजीवीहरू मधेसी पार्टीले आन्दोलनमा जुन माग राखेका थिए। त्यसलाई सरकारले समयमा सम्बोधन नगरेकोले उग्र रूप लिएको भन्ने विश्लेषण गर्दछन्। मधेसी जनविद्रोह २०६२/६३ सालको युगान्तकारी जनआन्दोलनकै परिपूरक रह्यो। मधेस जनविद्रोह हुनुको मुल कारण मधेसको वस्तुवादी परिस्थिति नै हो जसलाई राज्यले कहिल्यै उचित रूपमा सम्बोधन गर्ने प्रयास गरेको थिएन। मधेसीको पहिचानको प्रश्नलाई गौण बनाएर राख्ने दुश्प्रयास भयो र देशभित्रै आन्तरिक उपनिवेशको अभ्यास गर्दै मधेसीसँग विदेशी सरह व्यवहार गरियो। पहिले नेपालमा पहाडे राष्ट्रवाद र मधेसी राष्ट्र थियो। तर मधेस आन्दोलनले नेपालको राष्ट्रियता, अखण्डता तथा सार्वभौमसत्तालाई सम्मान गर्दै मधेसीहरूले राष्ट्रको मूल प्रवाहमा समानुपातिक ढंगवाट प्रवाहित हुनका लागि राजनीतिक आधार तयार गर्न सफल भए।

मधेस आन्दोलनको मूल्याङ्कन गर्दै मधेस विश्लेषक तुलनारायण साहले भन्नुभएको छ, 'सियारामको गोली, गिरिजाप्रसादको मौनता र प्रचण्डको बोलीमा मधेशको भावना सम्बोधन हुन नसक्दा विराटनगर देखि वीरगञ्जसम्म आन्दोलनको आगो झोसियो।'

# महन्थ ठाकुले कसलाई दिनुभयो पार्टी बनाउने जिम्मा ?

लोकतान्त्रिक समाजवादी पार्टी नेपालले महाधिवेशनको तयारीका लागि द्रुतगतिमा लागेका छन्। २०८२ बैशाख २६ गतेदेखि महाधिवेशनका लागि संगठन निर्माणदेखि सदस्यता वितरणका कामलाई तिब्रता दिएका छन्। बैशाख आउन अब चार महिना मात्र बाँकी छ। यो चार महिनामा सबै काम पुरा हुने गरी पार्टीले आफ्नो कामकाजलाई अगाडि बढाएको छ।

पार्टीका वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलको संयोजकत्वमा गठन भएको महाधिवेशन निर्देशिका समितिले पनि निर्देशिका तयार पारेर पार्टीका अध्यक्ष महन्थ ठाकुरलाई पुस २६ गते सुम्पिसकेको छ। उपाध्यक्ष सोनलले भन्नुभयो, 'महाधिवेशनको लागि निर्देशिका तयार भइसकेको छ अब महाधिवेशनको तयारी तिब्र रुपमा अगाडि बढ्छ।'

वडा तहदेखि माथिल्लो तहसम्मको अधिवेशन कसरी गराउन, चुनाव कसरी गराउने, महाधिवेशन प्रतिनिधि कसरी चयन गर्ने जस्ता कुरा निर्देशिकामा उल्लेख छ। तलदेखि माथिसम्म ३३ प्रतिशत महिला अनिवार्य गरिएको छ भने अन्य समाजिक संरचना, जातजाती, समुदायलाई उसको जनसँख्या तथा भुगोलमा उपस्थितिको आधारमा समावेश गराउने व्यवस्था गरिएको छ।

संगठनलाई कसरी बलियो तथा समावेशी बनाउने त्यसको दिशानिर्देश यो निर्देशिकाले गरेको उहाँले बताउनुभयो। पार्टीको हरेक संरचना चुनावी विधिबाट गठन हुने र त्यसका लागि स्थानीय तह, क्षेत्रीय, जिल्ला, प्रदेश र केन्द्रका लागि छुट्टा छुट्टै निर्वाचन समिति बनाएको छ। अधिवेशन तथा महाधिवेशनबाट बन्ने हरेक कार्य समिति चुनावी प्रकृयाबाट नै चयन हुन्छ।

लोसपाले प्रथम महाधिवेशनका लागि पाँच सदस्यीय निर्वाचन समिति गठन गर्ने भएको छ। त्यस्तै प्रदेश अधिवेशनका लागि केन्द्रीय समितिले पाँच सदस्यीय, जिल्ला अधिवेशनका लागि प्रदेश समितिले तीन सदस्यीय निर्वाचन समिति गठन गर्ने निर्देशनमा भनिएको छ। प्रदेश समिति नरहेको ठाउँमा केन्द्रीय समितिले सो समिति गठन गर्ने भनेको छ। निर्वाचन क्षेत्रीय अधिवेशन तथा पालिका अधिवेशनका लागि तीन-तीन सदस्यीय निर्वाचन समिति गठन गर्ने निर्देशिका भनिएको छ।

निर्देशिका अनुसार पालिका, क्षेत्रीय अधिवेशन, जिल्ला अधिवेशन, प्रदेश अधिवेशन तथा केन्द्रीय महाधिवेशनको प्रतिनिधिहरुको नामावली सम्बन्धित निर्वाचन समितिमा कम्तीमा २४ घण्टा पहिले दिनुपर्ने हुन्छ। निर्वाचन क्षेत्रमा सक्रिय रहेको भातृ संगठनले अधिवेशनका लाग पाँच जना, जिल्लामा रहेको भातृ संगठनले पनि पाँच जना प्रतिनिधि चयन गर्ने प्रावधान निर्देशिकामा राखेको छ। त्यस्तै प्रदेश अधिवेशनका लागि प्रदेशमा सक्रिय रहेका मातृ संगठनले सात जना प्रतिनिनिधि चयन गर्न सकिन्छ। त्यसैगरि, केन्द्रमा सक्रिय रहेको भातृ संगठनले केन्द्रीय महाधिवेशनका लागि सात जना प्रतिनिधि चयन गर्ने प्रावधान राखेको छ।

लोसपा नेपाल निकट लोकतान्त्रिक शिक्षक संघ, लोकतान्त्रिक प्राध्यापक संघ, लोकतान्त्रिक बुद्धिजिवी संघ, लोकतान्त्रिक कानुन व्यवसायी संघ, सेवा निवृत शिक्षक तथा कर्मचारीहरुमध्ये निर्वाचन समिति गठन गर्ने  निर्देशिकामा उल्लेख छ। अधिवेशन गराउने बखत कुनै वैधानिक जटिलता उत्पन्न भएमा केन्द्रीय निर्वाचन समितिको निर्णय अन्तिम हुने निर्देशिकामा उल्लेख छ।




## आँप/ केरा पकाउन कार्बाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्वन्धी सूचना

*सूचना प्रकाशित मिति : २०८१/०२/३२*

खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्बाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा बिक्री वितरणमा सम्लग्न व्यवसायीलाई जानकारीका लागि सूचित गरिन्छ।

आँप/ केरा लगायतका फलफूल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ। साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ।

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
**बबरमहल, काठमाडौं।**
**www.dftqc.gov.np, Email: info@dftqc.gov.np**
**०१-५३६२४३०, ०१-५३६२३६९**



# माल्दिभ्समा बिपाशा

नायिका बिपाशा बसु र करण सिंह ग्रोवर बलिउडका सबैभन्दा मायालु जोडी हुन् । फ्यानहरूले उनीहरूको आकर्षक केमेस्ट्री र रामान्टिक अन्दाज मन पराउँछन् । यी दिनहरूमा बिपाशा आफ्ना पति करण र उनकी प्यारी छोरी देवीसँग माल्दिभ्समा छुट्टीको आनन्द लिइरहेकी छिन् । अभिनेत्रीले आफ्नो इन्स्टाग्राम ह्यान्डलमा आफ्नो छुट्टीका धेरै तस्बिरहरू सेयर गरेकी छिन् ।

बिपाशाले समुद्र तटमा छापिएको मोनोकिनी लगाएर आफ्नो आकर्षण फैलाएकी देखिइन् । खुला कपाल र धूपको चश्मा लगाएर, बिपाशाले स्वागसहित पोज दिइन् । उनी एकदमै आकर्षक देखिन्थिन् ।



# अफेयरको हल्लाले चाँदनी तनाबमा

लामो समयदेखि शान्त रहेको भारतीय भोजपुरी सिनेमाले नयाँ वर्षमा नयाँ लहर ल्याएको छ । भोजपुरी अभिनेत्री चाँदनी सिंहले नायक पवन सिंहसँग विहे गर्न लागेको चर्चाले चलचित्र क्षेत्रलाई गर्माएको छ ।

भोजपुरी सिनेमामा पवन सिंहको शक्ति चरम सीमामा छ । पवन सिंहको अफेयरको 'समाचार' युट्युबमा व्यापक रूपमा हेरिन्छ र त्यसैले आजकल धेरै युट्युब च्यानलहरूले पवन सिंह र चाँदनी सिंहको विवाहको मुद्दामा यी रिपोर्टहरू चलाइरहेका छन् । पवन सिंह र चाँदनी सिंहका नजिकका स्रोतहरूबाट यसबारे जानकारी सङ्कलन गर्ने प्रयास गर्दा, यी सबै समाचारहरू बनावटी मात्र नभएर पवन सिंह विरुद्ध जानाजानी यस्ता समाचारहरू बनाउने गरेको पनि गुनासो भइरहेको छ ।

यस विषयमा पवन सिंहबाट बुझ्ने प्रयास भइरहेको छ । आवश्यक परेमा साइबर अपराध सेलको पनि सहयोग लिन सकिने बताइएको छ ।अर्कोतर्फ, चाँदनी सिंहले यी सबै समाचारहरूलाई निराधार भन्दै खण्डन गरेकी छिन् । चाँदनी सिंहलाई यस सम्बन्धमा कुनै सञ्चारमाध्यमले सम्पर्क गरेको छैन । आफ्नै मनले जथाभावी प्रतिकृयाहरु राखि रहेको उनले गुनासो गरेकी छिन् । चाँदनीको तर्फबाट आएको एक प्रेसनोटमा भनिएको छ, "पवन सिंह र चाँदनी सिंहको विवाहको खबर पूर्णतया गलत छ । चाँदनी सिंहको सम्पूर्ण ध्यान आफ्नो करियरमा छ । चाँदनी सिंहले धेरै स्टारहरूसँग काम गरेकी छिन् र हरेक पटक उनी आफ्नो काममा मात्र ध्यान केन्द्रित गर्छिन् ।'

पवन सिंह र ज्योति सिंहको सम्बन्ध विच्छेदको मुद्दा अझै पनि अदालतमा विचाराधीन छ । ज्योति सिंह पवनका श्रीमती हुन् । सम्बन्ध विच्छेदको मुद्दा विचाराधिन रहेको कारणले पनि चाँदनी र पवनको कुरा बाहिर आएको हो ।




**वडा कार्यालयको अपिल**

**तपाईको स्वास्थ्य हाम्रो अठोट**

**समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं**

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ । यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो । आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो । यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ । पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन । नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ । वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ । त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुनका लागि बीमा कार्यक्रममा सहभागी बन्नुहोस् । वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं । आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं ।

***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस् । अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस् ।***

**मधेश प्रदेश**

**औरही गाउँपालिका, सिरहा**

**औरही वडा नम्बर ५ को कार्यालय**

प्रोफाइल



# जनयुद्धमा पनि सेना प्रहरीले मनपराउने जगत यादव

१० वर्षे माओवादीको जनयुद्ध हत्या हिंसाको नामले बदनाम छ। सो जनयुद्धमा १७ हजारको ज्यान गएका छन्। त्यसले गर्दा पनि माओवादी अलिकति बढी नै बदनाम गरेका छ। तर माओवादी पार्टीमा रहेर जनयुद्ध लडेका यस्ता पनि नेता हुनुहुन्छ जो बिना हत्या हिंसा गरेर नै माओवादीमामा आफ्नो राजनीतिक सफर तय गर्नुभयो। त्यो नेता अहिले पनि माओवादी पार्टीमै हुनुहुन्छ र सक्रिय हुनुहुन्छ। उहाँ हुनुहुन्छ, सिरहा जिल्ला गोलबजार चोहर्वाका जगत यादव।

५१ वर्षीय जगत यादवलाई जो कोही नजिकबाट चिन्ने र जान्ने व्यक्तिले उहाँलाई माओवादी भन्दैनन्। कुनै माओवादी यति शान्त, यति सोझो र सरल कसरी हुनसक्छ ? तर माओवादीमा उहाँलाई सफल नेता मानिन्छ। माओवादी पार्टीमा उहाँ जुन पदमा जहाँ जानुभयो उत्कृष्ट काम नै गर्नुभयो। उहाँ भन्नुभयो, '१० वर्ष लामो जनयुद्ध भयो मबाट एक जना पनि निर्दोष तथा निहत्था मानिसको हत्या भएको छैन, बरु धेरैको ज्यान जोगाएकै छु।' माओवादीका अन्य साथीले मार्न खोज्दा पनि उहाँले रोकेर त्यसलाई सम्झाई बुझाइ ज्यानको जोगाएको धेरै उदाहरणहरु छन् उहाँसँग।

धनुषा हैरने गाउँका गुरुशरण रोहिता जो राजपरिवारका निकट हुनुहुन्थ्यो। उहाँको ५०० विघा जग्गा माओवादीले कब्जामा लिएको थियो। जगत यादव धनुषाको इन्चार्ज भएर गएपछि त्यो जमिन फुकुवा गराई दिनुभयो। उहाँको जमिन मात्र फुकुवा गर्नुभएन उहाँले गुरुशरणलाई माओवादीको सुराकीको रुपमा प्रयोग गर्न थाल्नुभयो। माओवादीमाथि नेपाली सेना अथवा सरकारले गर्ने कारवाही वा गतिविधिको बारेमा उहाँले जानकारी दिन थाल्नुभयो। उहाँले त्यसरी सुचना दिन थालेपछि धनुषामा राज्य तथा माओवादीतर्फ निकै कमी क्षति भयो।

यहाँसम्म कि माओवादीले ल्याउने हातहतियार पनि गुरुशरण रोहितको घरमा राख्न थाल्यो। ट्रकमा ल्याउने हतियार त्यहाँ राखिन्थ्यो र त्यहीबाट अन्यत्र पठाउने काम हुन्थ्यो। कुनै मान्छेलाई कन्भिन्स गर्ने जगत यादवमा गजबको क्षमता थियो। गुरुशरणलाई यसरी कन्भिन्स गर्नुभयो कि उहाँ माओवादी बन्न तयार हुनुभयो। र माओवादीमा लगानी समेत गर्न थाल्नुभएको थियो।

**वाइसीएल बनेपछि**

माओवादी शान्ति प्रकृयामा आएपछि जगत यादव सिरहामा काम गर्न थाल्नुभयो। उहाँलाई पार्टीले वाइसीएलको अध्यक्ष बनाएको थियो। उहाँ वाइसीएल बनेपछि जिल्लाभरका ३५ जनाको नामा कालोसूचीमा राख्नुभयो र त्यो नाम सार्वजनिक गर्नुभयो। पछि त्यसमध्ये ११ जनाको हत्या भयो। तर त्यो हत्या माओवादी (वाइसीएल)ले गरेको थिएन।
जगत यादव भन्नुहुन्छ, 'जिल्लाका फलानो फलानो व्यक्ति गलत हुन्, जनतालाई दुख दिन्छन्, भ्रष्ट हुन् भनेका थिए। तर उनीहरुलाई कसले मारे हामीले थाह पाएनौ कसै कसैले हामीमाथि आरोप पनि लगाए तर हामीले त्यसलाई छानविन गर्न भन्थ्यौं कसैले छानविन गरेनन्।' वाइसीएलले अनुसन्धान गरेर ती नाम संकलन गरेको थियो। त्यसमा बेचन यादव, देवनाथ साहको नाम पनि थियो।

देवनाथ साह अहिले माओवादीका नेता हुनुहुन्छ। माओवादीका नेता विश्वनाथ साहका दाइ हुनुहुन्छ। यसअघि गोलबजारमा चुनाव नै जित्नुभएको थियो। त्यसको नाम पनि वाइसीएलको कालोसूचीमा राखेको थियो। त्यतिबेला राप्रपामा हुनुहुन्थ्यो। जगत यादव भन्नुभयो, 'सुराकीको आरोपमा माओवादी साथीले उहाँलाई भौतिक कारवाही गर्ने निर्णय गरिसकेको थियो मैले उहाँलाई बचाएको हुँ।'

उहाँ मात्र होइन, विशेश्वर मोरवैताका भाइ काशेन्द्र मोरवैतालाई जंगलमा जिउँदै गाड्ने तयारी थियो उहाँलाई पनि जगत यादवले बचाउनु भएको थियो। जगत यादवका कारण सिरहामा वाइसीएलले गरेको कामको मूल्यांकन पार्टीले राम्रो गरेको थियो। देशभरमै राम्रो गरेको चर्चा पार्टीमा थियो।

**खेलमा उत्कृष्ट**

जगत यादव एथलेक्टिसका खेलाडी हुनुहुन्छ। सानैदेखि खेलमा रुची राख्ने जगत यादवले पछि खेललाई पेसा नै बनाउनुभयो। राष्ट्रिय स्तरको खेलहरुमा जान थाल्नुभयो। उहाँ खेलमा जति सक्रिय हुनुहुन्थ्यो, त्यति नै राजनीतिमा पनि सक्रिय हुनुहुन्थ्यो। उहाँ विद्यार्थी जीवनदेखि नै कम्युनिष्ट हुनुहुन्थ्यो। अखिल नेपाल विद्यार्थी संगठन छैठोमा उहाँ आवद्ध हुनुहुन्थ्यो। राजनीतिमा पनि त्यतिकै सक्रिय हुनुहुन्थ्यो। २०५२ मा माओवादी भूमीगत भएर विद्रोह गर्‍यो। त्यसको केही समयपछि लगभग २०५२-५३ तिर होला सायद धनुषाको सवैला प्रहरी चौकीमा आक्रमण गरेर मातृका यादव, अजवलाल यादव, जीवनलगायतका माओवादी नेताहरु सिरहा आउनु भएको थियो।

सिरहामा टुर्नामेन्ट चलिरहेको थियो। उहाँहरु पनि खेल हेर्न थाल्नुभयो। त्यही दिन जगत यादवमाथि मातृका यादवको नजर पर्‍यो। हठ्ठा कठ्ठा, फुर्तिला स्वभावका जगत यादवसँग उहाँहरु त्यही भेट्नुभयो। कुराकानी गर्नुभयो। जगत यादवले उहाँहरुलाई आफ्नो घर लग्नुभयो। मातृका यादवहरुले जगत यादवलाई माओवादीमा लाग्न आग्रह गर्नुभयो। कम्युनिष्ट विचारधाराका जगत यादव क्रान्तकारी पनि हुनुहुन्थ्यो। उहाँहरुको प्रस्ताव उहाँले सहजै स्विकार गर्नुभयो। र, त्यही दिनदेखि उहाँ माओवादी बन्नुभयो।

उहाँ माओवादी बनेपछि भूमिगत हुनुभएन। उता देखाउनका लागि अखिलमा हुनुहुन्थ्यो नै। यता खेलमा सक्रिय पनि हुनुहुन्थ्यो तर भित्रभित्रै माओवादीका लागि काम गर्नुहुन्थ्यो। त्यही भएर कसैले उहाँमाथि शंका गर्न सकिरहेको थिएन। माओवादीको संगठन बनाउने कामदेखि लिएर सुचना पुर्‍याउने काम उहाँले भित्रभित्रै गर्नुहुन्थ्यो। पछि माओवादी नेताहरुको उहाँको घरमा आउजाउ हुन थालेपछि विस्तारै विस्तारै सबैले थाह पाए। त्यसपछि सेना प्रहरीले पनि जगतलाई निगरानीमा राख्न थाले।

अनि मात्र २०५५ सालतिर उहाँ भूमीगत हुनुभयो। त्यतिबेला उहाँ खेलकुद विकास समिति सिरहामा प्रशिक्षकको जागिर पाइसक्नु भएको थियो। उहाँको तलब २१००० जति थियो। भूमीगत भएपछि पनि उहाँले लामो समय जागिर खानुभयो। उहाँले जुनियरतर्फ विरेन्द्र सिल्ड पनि जित्नुभयो। क्षेत्रीय शिक्षा निर्देशनालयमा भएको खेलमा पनि उहाँले टप गर्नुभयो भने दशरथ रंगशाला भएको खेलमा पनि उहाँले टप नै गर्नुभयो। सिनियरतर्फ सेना, प्रहरीसँग भएको खेलमा पनि उहाँले नै टप गर्नुभएको थियो। उहाँ भन्नुहुन्छ, 'म खेलमा सक्रिय भएपछि कुनै ठाउँमा हारेको कुरा मलाई याद छैन जहिले पनि एथलेक्टिसमा टप नै गर्थे।' जिल्ला, पूर्वाञ्चल तथा राष्ट्रिय स्तरको खेलमा सधै टप गर्दै आउनुभयो।

**उपेन्द्र यादवसँग शिक्षा**

माओवादीमा भूमीगत भएपछि उहाँ मातृका यादवको सेक्रेटरी बन्नुभयो। र, उहाँ मातृका यादवसँग नै बस्न थाल्नुभयो। मातृका यादव जहाँ जहाँ जानुहुन्थ्यो त्यहाँ त्यहाँ जानुहुन्थ्यो। मातृका यादव पटना गएपछि साथमा जगत यादवलाई पनि लिएर जानुभएको थियो। जगत यादवलाई उपेन्द्र यादव कहाँ पढ्नका लागि छाड्नु भएको थियो। उपेन्द्र यादव त्यतिबेला माओवादीमा हुनुहुन्थ्यो। जगत यादव उपेन्द्र यादवसँग बस्न थाल्नुभयो। जगत यादवले भाँडा माज्नु हुन्थ्यो भने उपेन्द्र यादव खाना पकाउनु हुन्थ्यो। उपेन्द्र यादवले आँटा सान्नु हुन्थ्यो भने जगत यादव रोटी पकाउनु हुन्थ्यो।

यसरी दुवै जना लामै समयसम्म एउटै कोठामा बस्नुभयो। जगत यादव भन्नुभयो, 'उपेन्द्र यादवसँग बस्नुको एउटै कारण थियो शिक्षा, उहाँ अध्ययनशिल मान्छे हुनुहुन्थ्यो। पार्टीका वैचारिक तथा सैद्धान्तिक विषयहरु पढाउनु हुन्थ्यो। जगत यादव नेपाल आएको बेला मातृका यादव, सुरेश आलेमगरसँगै उपेन्द्र यादव पनि पक्राउ पर्नुभएको थियो। अनि जगत यादव पटना जानुभयो। उहाँले उपेन्द्र यादवसँग बस्ने कोठा सार्नुभयो।

उपेन्द्र यादव रिहाइ भएपछि आफ्नो कोठामा जाँदा त्यही केही थिएन। त्यसपछि जगत यादवसँग उपेन्द्र यादवको सम्पर्क भयो। जगत यादवले उपेन्द्र यादवलाई भन्नुभयो, 'सर अब हामी सँगै नबसौं, तपाईमाथि अब सरकारको नजर हुन्छ त्यसमा मलाई पनि असर गर्छ त्यसैले छुट्टा छुट्टै बसौ भन्नुभयो।' त्यसपछि दुवै जना छुट्टा छुट्टै बस्न थाल्नुभयो।

**धनुषा कार्यक्षेत्र**

मातृका यादव जेल परेपछि पार्टीले उहाँलाई धनुषा जिल्लाको क्षेत्रीय इन्चार्ज र मधेशी राष्ट्रिय मुक्ति मोर्चाको जिल्ला अध्यक्ष बनाएको थियो। धनुषा गएपछि त्यहाँ धेरै कुरामा उहाँले परिवर्तन ल्याउनुभयो। माओवादीले विभिन्न निहुँमा मान्छेलाई भौतिक कारवाही गर्थ्यो, यातना दिन्थ्यो ती सबै उहाँले रोक्नुभयो। उहाँले सकभर विरोधीसँग कुराकानी गरेर नै प्रायः कुराहरु मिलाउनु हुन्थ्यो। कतिपयलाई गोली हान्न लाग्दा पनि उहाँले बचाउनु भएको थियो। माओवादीको निशानामा रहनु भएका गुरुशरणलाई उहाँले बचाउनु नै भयो।

उहाँ भन्नुभयो, 'धनुषाको जिल्लाको पूर्वीबेल्टमा श्रमदानबाट सडक बनाएको थिए त्यसले गर्दा स्थानीयको विश्वास माथि निकै थियो।' गरिब दिनदुखीलाई पनि उहाँले सहयोग गर्नुहुन्थ्यो। युवालाई खेलकुदको समान वितरण गर्नुहुन्थ्यो। कसैलाई कुनै समस्या पर्‍यो भने उहाँ जेबाट हुन्थ्यो त्यहीबाट सहयोग गर्नुहुन्थ्यो। त्यही भएर स्थानीय स्तरमा उहाँ पपुलर हुनुहुन्थ्यो। उहाँ जबसम्म धनुषामा रहनुभयो माओवादी तथा राज्यको धनजनको निकै कम क्षति भयो। उहाँ खेलाडी भएको कारण अनुशासनमा रहनु हुन्थ्यो। अलि फुर्तिफार्ती पनि हुन्थ्यो त्यसले गर्दा नेता तथा कार्यकर्ता पनि चलायमान हुन्थ्यो।

जगत यादव भन्नुहुन्छ, 'म धनुषामा हुँदा कोही पनि मारिदैन्थे, जब म यसो दुई चार दिनका लागि बाहिर कतै जाँदा कोही न कोही मारिन्थे। कारण थियो उहाँहरुको अनुशासित जीवन थिएन।' उहाँले एउटा स्मरण सुनाउँदै भन्नुभयो, भन्नुभयो, 'एकपटक ४० लाख भारु ब्यागमा राखेर पटनाका लागि हिडै, भारत बिहारको दुलीपटीमा बस स्ट्याण्डमा उभिएर बसको प्रतिक्षा गरिरहेको थिए त्यतिकैमा भारतका सुरक्षाकर्मी आएर सबैलाई सर्च गरे तर मलाई गरेनन्। किन गरेन त्यो थाह भएन तर नेपालबाट भारतमा पैसा भित्रिएको सुराकी पाएर नै सुरक्षाकर्मीले सर्च गरेको थियो।'

पटनामा पनि जगत यादव बस्ने साथीको डेरामा छापामारी भएको थियो। तर त्यहाँ पनि प्रहरीलाई पैसा हात लागेको थिएन। त्यो पैसा त्यहाँ माओवादीका सिनियर नेतालाई बुझाएर पुनः नेपाल फर्किनुभयो। धनुषामा माओवादी द्वन्दका कारण साढे तीन सय जना पहाडी तथा मधेशी विस्थापित भएका थिए। त्यसमध्ये उहाँले अढाई सय जनालाई घर फिर्ता बोलाउनु भयो। कुनै पनि निहत्था तथा निर्दोष मान्छेको हत्या आफ्नो कारणले नहोस् भने कुरामा उहाँ साह्रो सचेत हुनुहुन्थ्यो।

**सेना प्रहरी पनि नरम**

माओवादीमा पनि जगत यादवको यस्तो व्यवहार देखेर सेना प्रहरी पनि पत्याइ रहेका थिएनन्। प्रहरी सेना पनि जगत यादवप्रति नरम थिए। जगत यादवको घर तलासी गर्न जाँदा सेनाप्रहरी खानतलासी नगरी फर्किन्थे। जगत यादव भन्नुहुन्छ, 'माथिबाट निर्देशन आएपछि सेना प्रहरी मेरो घरसम्म जानु हुन्थ्यो तर घर खानतलासी गर्नुहुन्थेन बरु उल्टै मेरो आमासँग पानी मागेर खानु हुन्थ्यो। मेरो आमालाई सेना प्रहरीले आमा नै भन्नुहुन्थ्यो मेरो घरका कुनै सदस्यलाई सेना प्रहरीले कुनै दुख कष्ट दिएका छैनन्।'

सिरहाको लहानमा प्रहरीले कारवाही गर्दा बैंकबाट थुप्रै सुन चाँदी तथा गहना लुटेको थियो। ती सबै सुन चाँदी गहना जगत यादवको घरमा नै राखिएको थियो। सन्दुकमा बन्द गरेर राखिएको थियो। जगत यादवले किलोको भाउमा सुनका व्यपारीको हातबाट बेच्नु भयो। लगभग २-३ करोडको सुन चाँदी बेच्नुभयो र ती सबै रकम पार्टीमा बुझाउनुभयो। यसरी घरमा सुन राखेको र पछि बेचेको कुरा गाउँका कुनै व्यक्तिले थाह पाएन। सेना प्रहरीले थाह पाउनु धेरै टाढाको कुरा थियो। जबकी लहानमा माओवादीले गरेको कारवाही निकै चर्चाको विषय थियो।

गाउँका मान्छेले पनि जगत यादवको परिवारमाथि निकै विश्वास गर्थे। सबै माओवादीलाई जगत यादवको आमाले आफ्नै छोरा जस्तो व्यवहार गर्नुहुन्थ्यो। घरमा आउने सबै माओवादीलाई आफ्नै छोरा जस्तै सगुनको रुपमा केही नकेही रुपियाँ दिएर नै पठाउनु हुन्थ्यो। माओवादीहरु पनि जगत यादवको आमाबाट आशिर्वाद लिएर निस्किनु हुन्थ्यो।

बुवा जुक्ति यादव र आमा बेचनी यादवको छोरा जगत यादवका दुई जना दाजु र दुई जना दिदी हुनुहुन्छ। जगत यादव सानै छँदा उहाँको बुवाको निधन भएको थियो। जगतको यादवको लालनपालन तथा देखभाल उहाँको दाजु अशेश्वर यादवले गर्नुभयो। घरको गार्जियन नै दाजु अशेश्वर यादव हुनुहुन्थ्यो। एक जना दाजु शिवराम यादव विद्युतका कर्मचारी हुनुहुन्छ।

जगत यादवले भन्नुभयो, 'मेरा दाजु अशेश्वर यादवले एक जना भाइलाई सरकारी कर्मचारी बनाउने र अर्कोलाई नेता बनाउछु भन्नुभएको थियो र त्यही अनुसार हामीलाई अगाडि बढाउनुभयो। उहाँले नै मलाई माओवादीलाई लाग्न अभिप्रेरित गर्नुभएको थियो। उहाँ र मेरो आमाले माओवादीलाई निकै माया गर्नुहुन्छ।' उहाँका दुई जना दिदीहरु कोशिला यादव र उर्मिला यादव हुनुहुन्छ। उहाँले धनगढी कान्छीबजारका सरिता यादवसँग विहे गर्नुएको छ। उहाँका दुई जना छोरा छन्। १४ वर्षका प्रिन्स यादव आठ कक्षामा पढ्छ। अर्को १० वर्षका प्रज्ञा यादव ३ कक्षामा पढ्छन्।

**शिक्षा**

जनता उच्च मावि गोलबजारमा १० कक्षासम्म पढ्नु भएका जगत यादव २०४८ मा फर्स्ट डिभिजनबाट एसएलसी पास गर्नुभयो। आइए पढ्नका लागि बिराटनगर जानुभयो। तर उहाँ त्यहाँ खेलकुदमा लाग्नुभयो। विराटनगर रंगशालामा उहाँले नारायण प्रधान र नारायण यादवसँग ट्रेनिङ लिन थाल्नुभयो। पढाईभन्दा बढी खेलकुदमा उहाँको ध्यान गयो। खेलकुदका साथै राजनीतिमा पनि संलग्न भइसक्नु भएको थियो। त्यही भएर उहाँको पढाई ठिक ढंगले अगाडि बढेन। उहाँले बिचैमा पढाई छाड्नुभयो।

पछि माओवादीमा भुमीगत रहेको अवस्थामा भारतको मधुवनीबाट आइ कम पास गर्नुभयो। त्यसभन्दा अगाडि पढ्न सक्नुभएन। उहाँ भन्नुभयो, 'माओवादीमा लागेर राजनीतिमा यसरी डुबे कि अरुतिर ध्यानै गएन। खेलकुद र राजनीतिलाई प्राथमिकता दिएर अगाडि बढे।'

खेलकुदमै लागेको कारण मातृका यादवहरुले जगत यादवलाई माओवादीमा ल्याउनु भएको थियो। मातृका यादवले विद्यार्थीकालदेखि नै जगत यादवलाई चिन्नुहुन्थ्यो। त्यही भएर उहाँलाई माओवादीमा ल्याउन सजिलो भयो। जगत यादवले मातृका यादवको साथ कहिले छाड्नुभएन। धेरैले त जगत यादव र मातृका यादव दाजु भाइ हुन् पनि भन्छन्। उहाँ भन्नुहुन्छ, 'जीवनपर्यन्त उहाँको साथ छाडदिन्।'

**संविधानसभाबाट राजिनामा**

२०६४ मा माओवादीबाट जगत यादव समानुपातिकबाट संविधानसभा सदस्य बन्नुभएको थियो। तत्कालिन सरकारको मधेशी तथा पिछडिएको समुदायलाई हेर्न दृष्टिकोण राम्रो नरहेको जगत यादवको बुझाई छ। सुकुम्बासीलाई दुख दिने, उसको जग्गा जमिन खोस्ने काम तत्कालिन सरकारले गरिरहको थियो। जुन कुरा जगत यादव र मातृका यादवलाई मन परेको थिएन।

वामदेव गौतम गृहमन्त्री हुनुहुन्थ्यो। उहाँले मिर्चैयामा प्रहरी लगाएर सकुम्बासीको जग्गा खोस्ने काम गर्नुभएको थियो, जगत यादवले भन्नुभयो, 'त्यतिबेला प्रचण्ड नेतृत्वको सरकार थियो, गृहमन्त्री मन्त्री वामदेव गौतम हुनुहुन्थ्यो, उहाँले मिर्चैयाका सुकुम्बासीमाथि ज्यादती गर्नुभयो त्यसलाई हामीले रोक्यौं।' जगत यादव र मातृका यादव सुकुम्बासीको पक्षमा उभिनुभयो। जुन कुरा पार्टीलाई पनि मन परेको थिएन।

**पार्टीमा विद्रोह**

तत्कालिन प्रधानमन्त्री प्रचण्डले मातृका यादव र जगत यादवलाई माफी माग्न भनिरहनु भएको थियो। तर मातृका यादवले माफी नमाग्ने बरु संविधानसभाबाट राजिनामा दिएर जाने भन्नुभएको थियो। प्रचण्ड पनि आफ्नो अडानमा बसिरहनुभयो। अन्ततः संविधानसभा गठन भएको डेढ वर्ष नबित्दै मातृका यादव र जगत यादवले त्यहाँबाट राजिनामा दिएर निस्किनुभयो।

त्यतिबेला प्रचण्डले नारायणकाजी श्रेष्ठसँग एकीकरण गरेर एकिकृत माओवादी बनाउनु भएको थियो। त्यसपछि मातृका यादवले नेकपा (माओवादी) लाई कायम राख्नुभयो। पार्टी सञ्चालन गर्न थाल्नुभयो। जगत यादवले साथ दिनुभयो। उहाँहरुले ५८ वटा जिल्लामा संगठन विस्तार गर्नुयभो। जनताको जनजिविका लागि आवाज उठाउन थाल्नुभयो। मधेश आन्दोलनलाई साथ दिनुभएको थियो। मधेशवादी दलहरुसँग मोर्चाबन्दी पनि गर्नुभएको थियो।

भूमीगत भएर फौजी आक्रमणको तयारी पनि उहाँहरुले गरिरहनु भएको थियो। पहिलो संविधानसभा विघटन भयो। २०७० मा दोस्रो संविधानसभाको चुनाव हुने भएपछि त्यसको विरुद्धमा मातृका यादवको पार्टी उत्रियो। सशक्त ढंगले चुनाव बहिष्कार गर्ने पनि निर्णय उहाँले गर्नुभएको थियो। तैपनि चुनाव भयो। प्रचण्ड सिरहाबाट चुनाव लड्नुभयो। त्यसको विरुद्धमा जगत यादवले स्वतन्त्र उम्मेदवारी दिनुभयो। तर सत्ता र पावरको अगाडि जगत यादवको केही चलेन।

**प्रचण्डसँग पार्टी एकता**

मातृका यादव र जगत यादवको शक्ति के हो भनि कुरा प्रचण्डले थाह पाउनु भएको थियो। चुनाव लगतै प्रचण्डले मातृका यादवलाई एकताका लागि आग्रह गर्नुभएको थियो। मातृकालाई भेट्न प्रचण्ड उहाँको गाउँ सबैला पुग्नुभएको थियो र त्यही यो प्रस्ताव राख्नुभएको थियो। प्रचण्डले त्यही भन्नुभएको थियो, प्रचण्डबिना मातृका अधुरो, मातृकाबिना प्रचण्ड अधुरो। हामी अर्काबिना अधुरो भएको कारण एकता गरौं सँगै काम गरौं।' त्यसपछि मातृका यादव र प्रचण्डको पार्टीबिच एकता भयो।

एकीकृत पार्टीमा जगत यादव स्थायी समितिको सदस्य बन्नुभयो र मधेशी राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय संयोजक बन्नुभयो। २०७४ मा भएको प्रदेशसभा चुनावमा उहाँ समानुपातिकबाट प्रदेशसभा सदस्य बन्नुभयो। जगत यादव मन्त्री बन्ने भनि पार्टीले निर्णय गरेपनि नारायाण्काजी श्रेष्ठको गुटले षड्यन्त्र गरेर मन्त्री बन्न दिएन। जगत यादव मधेशमा स्थापित नेताको रुपमा चिनिन्न थाल्नुभयो तर एउटा गुटले उहाँलाई जहिले डिस्टर्ब गरिरह्यो। मन्त्री भइसक्दा पनि लास्टमा सपथग्रहण हुनबाट समेत रोकेको गुनासो जगत यादवको छ।

२०७९ को चुनावमा टिकट लिएर निर्वाचनमा भाग लिने सोच बनाउनु भएको थियो तर गठबन्धन बनेको कारण टिकट अर्को पार्टीको भागमा पर्‍यो। त्यही भएर उहाँ चुनाव लड्नु भएन। अहिले उहाँ पार्टीका केन्द्रीय सदस्य तथा मधेशी राष्ट्रिय मुक्ति मोर्चाको संयोजक हुनुहुन्छ।

■कृषि अनुदानमा गोलमाल

# कृषिमन्त्रीले सार्वजनिक गर्नुभयो एक खर्बभन्दा बढीको अनुदान रकम

कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले कृषि अनुदानमा के कति खर्च भएको प्रतिवेदन सार्वजनिक गर्नुभएको छ। मन्त्रालयमा समिति गठन गरेर अध्ययन गराई प्रतिवेदन तयार गर्न लगाउनु भएको थियो। आर्थिक वर्ष २०७६/०७७ देखि २०८०/०८१ सम्म कृषि मन्त्रालयबाट अनुदान लाने कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरूका नाम सार्वजनिक गरेका हुन्।

मन्त्रालयको जिम्मेवारी सम्हालेदेखि नै कृषि अनुदानको रकम दुरुपयोग भएको आशंका व्यक्त गर्दै अधिकारीले अनुदान लिनेको नाम सार्वजनिक गर्ने जनाउँदै आउनु भएको थियो। सोही अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट अनुदान लैजानेहरूको नाम पनि सार्वजनिक गरिएको छ। कृषि मन्त्री अधिकारीका अनुसार पछिल्लो पाँच वर्षमा एक खर्ब सात अर्ब ६६ करोड २७ लाख ८९ हजार रुपियाँ कृषि अनुदानमा खर्च भएको पाइएको छ।

पाँच वर्षको अवधिमा मन्त्रालयबाट प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई प्रकारका अनुदान प्रवाह भएका छन्। त्यसमध्ये प्रत्यक्षतर्फ कृषि सहकारी र समूहले २० अर्ब ३० करोड ३० लाख १४ हजार रुपियाँ रहेको छ। अप्रत्यक्षतर्फ अनुदानित रासायनिक मल ८७ अर्ब ३५ करोड ९७ लाख ७३ हजार रुपियाँ अनुदानमा वितरण भएको मन्त्री अधिकारीले जानकारी दिनुभयो।

लोकतान्त्रिक शासन व्यवस्था देश र जनताप्रति उत्तरदायी र जवाफ देही शासन व्यवस्था भएको जनाउँदै कृषि मन्त्री अधिकारीले भन्नुभयो, 'पारदर्शिताले मात्र यो शासन व्यवस्था र सरकारप्रति जनताको विश्वास तथा भरोसा जागृत हुने भएकाले प्रदेश र स्थानीय सरकारलाई पनि कृषि अनुदान लाने संघ/संस्था, सहकारी र व्यक्तिको नाम सार्वजनिक गर्न अपिल गर्दछु।'

कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रत्यक्षतर्फ कृषि सहकारी, कृषि समूह तथा कृषि फर्ममार्फत पछिल्लो पाँच वर्षमा १० अर्ब ५८ करोड ७६ लाख ४६ हजार रुपियाँ अनुदान प्रवाह भएको जनाएको छ। मन्त्री अधिकारीले आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट अनुदान लाने कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरूका नाम सार्वजनिक गर्दै प्रत्यक्ष पाँच वटा आयोजनाबाट अनुदान रकम प्रवाह भएको जानकारी दिनुभयो।

जसमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, रानी जमरा गुलरिया सिँचाई आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइ, कृषि क्षेत्र विकास कार्यक्रम, नेपाल लाईभस्टक इनोभेसन आयोजना र (खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना रहेका छन्। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट छ अर्ब ६१ करोड ९५ लाख ३१ हजार रुपियाँ रकम प्रवाह भएको छ। सो रकम एक लाख ४१ हजार ६७० कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरूले लगेको कृषि मन्त्री अधिकारीले जानकारी दिनुभयो।

रानी जमरा गुलरिया सिँचाई आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइबाट १८ करोड ४८ लाख ६१ हजार रुपियाँ प्रवाह भएको छ भने त्यसबाट २१ हजार ४५० कृषि सहकारी, समूह, फर्महरूले रकम लगेका छन्। त्यस्तै, कृषि क्षेत्र विकास कार्यक्रमबाट ८० करोड १९ लाख ६१ करोड रुपियाँ रकम प्रवाह भएको छ भने त्यस कार्यक्रममार्फत २७ हजार ६५० कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरूले रकम लगेका छन्।

नेपाल लाईभस्टक इनोभेसन आयोजनाबाट एक अर्ब ९२ करोड ७५ लाख १३ हजार रुपियाँ प्रवाह भएको छ। त्यसबाट ११ हजार १५० कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरूलाई रकम वितरण भएको मन्त्रालयले जनाएको छ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबाट एक अर्ब ५ करोड ३७ लाख ७९ हजार रुपियाँ प्रवाह भएको छ। ४६ हजार २२६ कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरूले रकम वितरण भएका छन्। उखु कृषक प्रोत्साहन अनुदानमार्फत चार अर्ब ७ करोड २४ लाख २० हजार रुपियाँ यस बिचमा वितरण भएको मन्त्री अधिकारीले जानकारी दिनुभयो। त्यस्तै, कृषि बिमाको प्रिमियम अनुदान तर्फ ५० करोड ४८ लाख ८२ हजार, पशुपन्छी तथा मत्स्य बिमाको प्रिमियम अनुदान तर्फ पाँच अर्ब १३ करोड ८० लाख ६६ हजार रुपियाँ प्रवाह भएको जानकारी गराउनुभयो।

त्यस्तै प्याक्ट परियोजनाबाट १२ सय २३ कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरू मार्फत २ अर्ब १० करोड २६ लाख रुपैयाँ अनुदान प्रवाह भएको पनि मन्त्रालयले जनाएको छ। विगतमा फेज आउट भएका परियोजना मार्फत पनि अनुदान रकम प्रवाह भएका छन् सो को विवरण भने चाडै सार्वजनिक गरिने कृषि मन्त्री अधिकारीले प्रतिबद्धता जनाउनु भएको छ।

# गहुँको मूल्य कति ?



सरकारले गहुँको समर्थन मूल्य प्रति क्विन्टल ३८६७.३८ रुपियाँ तोकेको छ। पुस २६ गते बसेको मन्त्रिपरिषद् बैठकले चालु आर्थिक वर्षका लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल ३८६७.३८ रुपैयाँ तोकेको हो। यो मूल्य गत वर्षभन्दा प्रति क्विन्टल २१७.३८ रुपैयाँ बढी हो।

नेपालमा हरेक वर्ष २० लाख मेट्रिक टनभन्दा बढी गहुँ उत्पादन हुने गरेको कृषि मन्त्रालयको तथ्यांक छ। गत आव २०८०/८१ मा प्रतिक्विन्टल तीन हजार ६५० र आव २०७९/८० मा प्रतिक्विन्टल तीन हजार ३५१ रुपियाँ मूल्य निर्धारण भएको थियो। प्रत्येक वर्ष गहुँको समर्थन मूल्य बढ्दै गएको छ। गहुँको समर्थन मूल्य बढ्दा किसानलाई राहत हुने गर्छ। स्थानीय उत्पादनले माग धान्न नसक्दा बाहिरी मुलुकबाट समेत गहुँ आयात हुने गरेकोमा केही वर्षदेखि भारतले गहुँ निर्यातमा प्रतिबन्ध लगाएपछि गहुँको आयात हुन सकिरहेको थिएन।

नेपालले भारतबाट दुई लाख मेट्रिक टन गहुँ आयात गर्ने भएको छ। भारत-नेपाल अन्तरसरकारी समिति (आइजिसी) को बैठकमा भारतीय पक्षले नेपालको अनुरोध स्वीकृत भएपछि सो गहुँ आयात हुने बताइएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले भारत सरकारसँग दुई लाख मेट्रिक टन गहुँको माग गरेको थियो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार आव २०७९/०८० मा छ लाख ९७ हजार ७६२ हेक्टर क्षेत्रफलमा २० लाख ९८ हजार ४६२ मेट्रिक टन गहुँ उत्पादन भएको छ। यस्तै आव २०७८/०७९ मा सात लाख १६ हजार ९७८ हेक्टर क्षेत्रफलमा २१ लाख २७ हजार २७६ मेट्रिक टन गहुँ उत्पादन भएको छ। मैदा उद्योग सङ्घका अध्यक्ष कुमुद दुगडका अनुसार गहुँ अभावले गर्दा मैदा मिल पूर्ण रूपमा सञ्चालन हुन सकेका छैनन्। मुलुकभर ३८ वटा मैदा मिल रहेका छन्।




एन्जल A/C हाएस

बर्दिवास, गोलबजार, सिरहा-माडर, काठमाडौंसम्म

सम्पर्क

काठमाडौं
प्रकाश-९८४१३१४३१९, ९८०८५१९०१५
भोले श्याम-९८४१००२४६७, ९८१३९१२५२५

सिरहा
साने-९८५२८३१०७९, ९८०७७१७८९७
नागे-९८४२८२४३३९
विरेन्द्र-९८१६७०२०००

वैदेशिक रोजगार बोर्डको सेवाहरू

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्रदान हुने सेवाहरू श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका, करार अवधिभित्र वा तोकिएको अवधिभित्र सम्मका लागि कामदार एवं कामदारको परिवारलाई बोर्डबाट देहाय वमोजिमका सेवा प्रदान गरिने जानकारी गराईन्छ ।**

१. कामदार विदेश वा नेपालमा समेत विरामी वा अंगभंग भएमा उपचारका लागि ७ लाख रूपैयाँसम्म आर्थिक सहायता ।
२. कामदारको घरपरिवारका सदस्यलाई गम्भीर रोग लागेमा एकपटकका लागि ५० हजार रूपैयाँसम्मऔषधी उपचार सहयोग ।
३. विदेशमा उद्दार तथा खोजतलासको समन्वय तथा स्वदेश फिर्ता ल्याउने एवं फौजदारी अभियोग लागिकानूनी सहायता आवश्यक परेमा कानुनी प्रतिरक्षा सहायता ।
४. महिला कामदारले पूर्व-प्रस्थान अभिमुखीकरण तालिमबापत तिर्नपर्न शुल्क सोधभर्ना ।
५. विदेशमा कामदारको मृत्यु भएमा शव नेपाल झिकाउने एवं त्रिभुवन विमानस्थलवाट इच्छाइएको सडक पुगेको स्थलसम्म निःशुल्क शव छढुवानी सेवा ।
६. मृतक कामदारको नजिकको हकवालालाई करार अवधिभित्र वा सो को एक वर्षभित्र मृत्यु भए रु. ७ लाख र सो अवधिपछि मृत्यु भएको भए २५ हजार रूपैयाँ आर्थिक सहायता प्रदान। पूर्ण आर्थिक सहायता प्रास गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता ।
७. विदेशबाट फर्किएका रिटर्नी कामदारहरूलाई उद्यमशील बनाउनेलगायत अन्य प्रवर्द्धनात्मक विभिन्न कार्यक्रमहरू।
८. विदेशमा रहँदा स्वास्थ्य सम्बन्धी कुनै पनि समस्या भए टेलिमेडिसिन सेवाको ईमो, भाईवर, हाटसएप नम्बरमा नेपालको कार्यालय समयमा सम्पर्क गरी विशेषज्ञ डाक्टरद्वारा परामर्श तथा ओषधी प्रेषण गर्ने व्यवस्था छ।

**उपरोक्त सेवा लिनका लागि सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र, आप्रवाशी स्रोत केन्द्र वा वैदेशिक रोजगार वोर्डको सचिवालयमा भौतिक रूपमा वा विभिन्न माध्यमवाट सम्पर्क गर्न सकिनेछ ।**

**सम्पर्क विवरण**:
http://shramadhan.moless.gov.np;
facebook.com/shramadhan2 youtube.com/@shramadhan;
instagram.com/shramadhan2; x.com/shramadhan2
**इमेल**: info@feb.gov.np; welfare@feb.gov.np; shramadhan@feb.gov.np
**श्रमाधान कल सेन्टरको पैसा नलागने नम्बर**: ११४१; सशुल्क नम्बर: ०१-५९७०००८
**फोन/इमो/भाईबर/हाट्सएप/बोटिम**: +९७७-९८५१३४७२२२
**टेलिमेडिसिन सेवाको नम्बर**: ९८५१३४५७०१ वा ९८५१३४५७०२

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार बोर्डको सचिवालय**




कृषकवर्गहरूलाई अनुरोध !

कृषि सामग्री कम्पनी लि. ले आयात गरेको उच्च गुणस्तरको युरिया, डी.ए.पी. एवम् पोटास मल कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट बिक्रीवितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी राष्ट्रिय उत्पादनमा गुणात्मक वृद्धि गरौं।
साथै, उक्त मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गुर्नुहुन समेत अनुरोध गर्दछौं।

कृषि सामग्री कम्पनी लिमिटेड
AGRICULTURE INPUTS COMPANY LTD.
(An Undertaking of Government of Nepal)

## समाचार/विविध

### मधेश आन्दोलनको...

चिसो थियो । हाम्रो काँधमा उपेन्द्र यादवलाई सुरक्षित राख्ने जिम्मेवारी पनि थियो । उपेन्द्र यादव माओवादीको खोजीमा पनि हुनुहुन्थ्यो । राज्यले पनि निशाना बनाएको थियो । मेरो डेरा पनि सुरक्षित थिएन । राती १ बजे फोरम उपत्यका कमिटीको कोषाध्यक्ष श्याम महतोलाई फोन गरे । उहाँले होटलमा आउनुस् भन्नुभयो । हामी राती त्यहाँ गयौं । रात त्यही बितायौं । विहानै सुरक्षित स्थान खोज्दै बालाजुमा रहेको सप्तरी गोबिन्दपुरको रामचन्द्र बरनवाल वकिल साहेबको घरमा गए । त्यसपछि मधेशबाट घाइतेहरु आउन थाले । पुरै मधेशमा आगो लागि सकेको थियो । पुरै मधेश ठप्प थियो । पुरै देशमा कोलाहल मचिसकेको थियो ।

म घाइतेको व्यवस्थापनमा लागे । उपेन्द्र झा र उपेन्द्र यादव काठमाडौंको विभिन्न ठाउँमा सेल्टर लिँदै बस्न थाल्नुभयो । परमानन्द झा, श्यामानन्द सुमन, १९ दिन सम्म त रेणु यादवको घरमा उहाँहरु बस्नुभयो । सैनिक अस्पतालमा दुई जना आन्दोलनकारी सिरहाका बेचन यादव र मो.मुसादिन मुस्लिम सहिद हुनुभयो । सैनिक अस्पतालमा तत्कालिन गृहमन्त्री कृष्ण प्रसाद सिटौला पनि पुग्नु भएको थियो । त्यो लासलाई काठमाडौँमै व्यवस्थापन गर्ने तयारी गृहमन्त्री सिटौलाको थियो तर मैले रोके । मैले भने हाम्रो निर्णय भएको छ कि यो लास परिवारको जिम्मा लगाउनुपर्छ ।'

मुस्लिम समुदाय तथा उनको परिवारको सहमतिमा मो.मुसादिन मुस्लिम स्वम्भूमा दफनाउने सहमति भयो । फोरमका वरिष्ठ नेता सितानन्दन रायको घरमा रामकुमार शर्मा हुनुहुन्थ्यो । उहाँलाई जनकपुर जान भनियो तर उहाँ डरले जान मान्नु भएन । फोरमका सबै सिनियर नेता काठमाडौंमा थिए । मधेशमा नेताहरुको खोजी भइरहेको थियो त्यही भएर नेताहरु अब विस्तारै मधेश झर्नुपर्छ भनि निर्णय भएको थियो ।

उपेन्द्र यादवले निर्देशन दिए पनि मबाहेक मधेश जान कोही तयार भएन । शालीग्रामको मोवाइलमा फोन आयो कि सहिद बेचन यादवको साथमा को जाने । उहाँसँग जान कोही तयार भएन । शालिग्रामले मेरो नाम भन्दिनुभयो । त्यतिबेला म फोरमको सचिवको जिम्मेवारीमा थिए । शालिग्रामले भन्ने बित्तिकै प्रहरीको एउटा भ्यान आयो ।

प्रहरीले सोध्यो सचिव बीपी यादव को हुनुहुन्छ । मैले भने, म हो बीपी यादव । भ्यानबाट ओर्लेर मलाई सेलुट हान्नुभयो । म आश्चर्यमा परे । म बेचनसँग जान तयार भए । सात दिनदेखि कोठा गएको थिइनन् । डेरामा श्रीमतीलाई फोन गरेर भन्दिए । म बेचनको लाससँग हिडे । प्रहरीको स्कर्टिङ थियो । म साँझ ६ बजे लहान पुगे । त्यहाँ कोही पनि थिएन । सबै सुनसान थियो । कृष्ण बहादुर यादवलगायतलाई फोन गरे । बेचन यादवको घर मोहनपुर पुगे ।

त्यहाँ बेचनको अन्त्योष्टि भयो । त्यसपछि त्यहाँबाट सिरहाको मिर्चैयामा आएर एउटा कार्यक्रमको आयोजना गरे । त्यही बीबीसीको गाडीमा कसैले ढुगां हानेर सीसा फुटाइ दियो । म त्यहाँ गएर माफी मागेर पठाई दिए । मलाई त्यहाँबाट जनकपुर जानु थियो तर कसरी जाने अफत पर्‍यो ।  बिरेन्द्र साहले नेपाली काँग्रसका शहिद भएका चन्द्रनारायण सभापतिको नाममा रहेको एम्बेलेन्स व्यवस्था गरेर पठाउनुभयो । राती १२ बजे जनकपुर पुगे । त्यहाँ पनि सुनसान थियो । त्यसको भोलीपल्ट विभिन्न कार्यक्रममा सहभागी भए । दिपक झा, ईन्द्रकुमार मधेशानन्द, दिनेश पूर्वे, रिता झा लगायत योगदान जनकपुरमा विशेष थियो । जनकपुर उद्योग वाणिज्य संघको नेतृत्वमा खद्यान्न, पैसा संकलन काम भयो । २२ लाख रुपियाँ र ११० क्विन्टल चामल क्विन्टल चामल संकलन भएको थियो ,। काठमाडौबाट रामकुमार शर्मा लगायत केही नेताहरु जनकपुर आएपछि ती चामल र पैसा गायब भएको गुनासो पछि सुनिएको थियो । त्यसको इन्द्र कुमार मधेशानन्द र दिपक झा विरोध गर्नुभएको थियो ।

नेताहरुमाथि आरोप लाग्न थालेपछि फोरममा त्यसमा छानविन भएको थियो । त्यसको खोजविन भएपछि २२ बुँदे सम्झौता भएपछि रामकुमार शर्मालगायतका नेताले उल्टै उपेन्द्र यादवमाथि रकम खाएर सम्झौता खाएको आरोप लगाएर सो पार्टीबाट अलग हुनुभएको थियो । फोरम नेपाल विभाजन भएको थियो । हामीले २२ बुँदे सम्झौता २० हजार प्रति छपाई गरेर पहिलो चरणमा मधेशका प्रत्येक जिल्ला वितरण गर्नका लागि उपेन्द्र यादवको निर्देशनमा म मधेश झरे । नेता तथा कार्यकर्तालाई त्यो पर्चा दिएर गाउँगाउँ पठाएका थिए । त्यो २२ बुँदे सम्झौताको बारेमा सम्झाउने भने । यता महन्थ ठाकुर काँग्रेसबाट निस्केर तमलोपा गठन गर्नुभयो ।

त्यसअघि महन्थ ठाकुरको नेतृत्वमा भएको वार्ता समितको एक पटक पनि वार्ता भएको थिएन । आन्दोलन हुँदा पनि वार्तामा समय लाग्नुको कारण एउटा थियो गृहमन्त्री कृष्ण सिटौलाको राजिनामा । सुजाता कोईराला र सालिग्राम सिंहसँग कृष्णप्रसाद सिटौलाको राम्रो थिएन ।

उहाँहरुले उपेन्द्र यादवलाई कन्भिन्स गरेर मागपत्रमा गृहमन्त्रीको राजिनामा घुसाउन लगाउनुभयो । त्यसले गर्दा वार्ता लामो समय भएन । र त्यसले आन्दोलनमा धेरै क्षति भयो । जब मधेश आन्दोलनमा राजावादीको सहयोग रहेको भनि आलोचना हुन थाल्यो अनि मैले नै मधेशको विभिन्न ठाउँमा रहेको राजाको शालिक तोडाउन लगाएको थिए ।

यो कुरा फोरम नेपालको बैठकमा गम्भिर रुपमा उठ्यो । रामकुमार शर्माले यसमा निकै चासो लिनुभएको थियो । बैठकमा दिपककुमार झासँग सोधिएको थियो कि जिरोमाइलमा रहेको राजाको स्मारक कसले भत्काए । दिपक झाले मेरो नाम लिनुभयो । त्यसपछि ममाथि कारवाही गर्ने कुरा भयो । राती २ बजेसम्म बैठक चलेको थियो । रामकुमार शर्मा बडो उत्सुकतापूर्वक म्याइनुट लेख्नु भएको थियो । कारवाही हुन्छ कि हुँदैन भनि त्यहाँ मत विभाजन भयो अनि मेरो पक्षमा एक मत बढी आयो ।

यी सब घटनामा उपेन्द्र यादवले केही बोल्नुभएन । उहाँले गम्छाले मुख छोपी सबै तामासा हेरिरहनु भएको थियो । माघदेखि भदौसम्मको बिचमा फोरम नेपालका नेताहरुको सम्पर्क भारत र नरायणहिटीसँग खुब भएको थियो । दरवारले एक करोड रुपियपाँ लिएको कुरा पनि बाहिर आइसकेको थियो । त्यो पैसाले रामेश्वरराय यादवको छोराको नाममा सुमो गाडी खरिद गर्‍यो । त्यसमा पनि मैले विरोध गरेको थिए मैले पार्टीको नामबाट गाडी किन्नुपर्छ भनेको थिए । मधेश आन्दोलनमा घाइतेको उपचार गराउन पैसा पुगिरहेको छैन यो बेलामा गाडी किन्नु राम्रो हुँदैन पनि भनेको थिए तर मेरो कसैले सुनेनन् ।

भागयनाथ गुप्ता, किशोर विश्वास लगायतले मधेसी जनअधिकार फोरम नेपाललाई संस्था मात्र राख्ने पार्टी बनाउनु हुँदैन भनि कुरा राख्नु हुन्थ्यो ।  जब कि फोरममा पार्टी बनाउने निर्णय भइसकेको थियो । म पार्टी दर्ता गराउने प्रकृया सुरु गरिसकेका थिए । जिल्ला जिल्लामा गएर नाम र नागरिकता संकलन गरे । सबै कागजात तयार गरेपछि उपेन्द्र यादवले उपेन्द्र झामार्फत सिरहाका योगेन्द्र ठाकुरलाई रातारात काठमाडौं बोलाएर हवाइजहाज छाप लिएर अर्को पार्टी दर्ता गराउनुभयो । उपेन्द्र यादवलाई लागेको थियो कि फोरमले आन्दोलन गरेको कारण निर्वाचन आयोगले पार्टी दर्ता गर्दैन कि आशंका जनाएका थिए । त्यतिबेला मैले भनेका थिए, यदि फोरमलाई दर्ता गरेन भने हामी पुनः आन्दोलनमा जान्छौं ।'

तर उपेन्द्र यादव आत्मबलको कमजोर देखियो । म आन्दोलनको क्रममा मधेशको गाउँगाउँ पुगेका थिए । सिरहाको विजय यादवको घरमा पुगेका थिए । उहाँलाई फोरममा मैले ल्याएको हुं । उहाँ आएपछि जनतान्त्रिकका केही नेताहरु पनि आए । तर ममाथि आरोप लगायो कि बीपी यादवले जनतान्त्रिकका नेताहरु फोरममा भरे । तर म भन्छु, मधेश आन्दोलनमा जनतान्त्रिकको ठूलो सहयोग थियो ।

**गौर घटना**

रौतहटको गौरको राईसमिलको चौरमा फोरम नेपालको कार्यक्रम एक महिना पहिलेदेखि तय थियो । पछि माओवादीको भातृसंगठन मधेसी राष्ट्रिय मुक्ति मोर्चाले सोही चौरमा त्यसै दिन कार्यक्रम गर्ने तय गर्‍यो । फोरम र माओवादीको राम्रो सम्बन्ध थिएन । एकै ठाउँमा कार्यक्रम भयो । ठुलो घटना हुन्छ भनि सबैले आँकलन गरेका थिए । प्रभु साहले जसरी पनि फोरमको कार्यक्रम रोक्न चाहनु भएको थियो । राष्ट्रिय मुक्ति मोर्चाको अध्यक्ष मातृका यादव हुनुहुन्थ्यो । उहाँले त्यहाँ कार्यक्रम होस् भनि चाहनु भएको थिएन तर प्रभु साहले कार्यक्रम जवर्जस्ती गराउन खोज्नुभयो ।

सिरहाको राजु गुप्ताले गाडीको व्यवस्थगा गरेपछि सिरहाबाट राती १ बजे म र कृष्ण यादव गौर पुगे । अमर यादवको घरमा बसे । उपेन्द्र यादवले गौरको कार्यक्रम स्थगित गर्न भन्नु भएको थियो । उहाँले पनि गौर नजान भन्नुभएको थियो । राम कुमार शर्मा पहिलेदेखि आमन्त्रित थिए । जितेन्द्र सोनल आउनु भएन । भारतमा हुनुहुन्थ्यो । दिल्ली एयरपोर्टमा नै उहाँलाई भारतीय खुफियाले रौतहटको गौरमा फोरम र माओवादी बिच भिडन्छ हुन्छ भनेको थियो ।

उपेन्द्र यादव र उपेन्द्र झा साथमै हुनुहुन्थ्यो । उहाँ दुवै जना गौर नआउने भन्नुभयो । गौरलाई माओवादीले चारैतिरबाट घेरामा हालेका छन् कसरी आउने भनेर उहाँहरु गौर आउन इन्कार गर्नुभयो । म त दिवकार गोल्छालाई फोन गरेर उपेन्द्र यादवको लागि हेलिकप्टरको पनि व्यवस्था गरेको थिए । तैपनि उहाँ आउन तयार हुनुभएन । उपेन्द्र यादव आउनु हुन्न भने कुरा मलाई मात्र थाह थियो । तर कार्यक्रममा कसैको मनोबल कम नहोस् भनेर मैले उपेन्द्रजी कार्यक्रममा आउदै हुनुहुन्छ कार्यक्रम सुरु गरौं भनेका थिए । कार्यक्रम सुरु हुने बितिकै माओवादीले ग्रिनेट हान्यो । त्यो ग्रिनेट काठको रोस्टममा लाग्यो । सबै भागा भाग भयो । कोलाहल मच्यो । बमबारी भयो । एकछिनमै सन्नाटा छायो । म राइस मिलको चौरमा अन्तिमसम्म थिए । लास मैले आफ्नो आँखाले हेरेको थिए । गौर घटनाले फोरम झन शक्तिशाली भयो । फोरमलाई विश्वमै चिनायो तर उपेन्द्र यादव त्यसबाट डराएर भाग्नुभयो । गोरमा घटना भएपछि फोरमका स्थानीय नेताहरु पनि भारत भागि सकेका थिए । म पनि अमर यादवको घर गए त्यहाँ एक दुई जना साथीलाई साथ लिएर भारत पुगे । बाटोमा प्रहरीले रोक्ने प्रयास गर्‍यो । बोर्डरमा पनि प्रहरीले रोकेको थियो । कसो कसो भनसुन गरेर भारत पुगेको थिए ।

भारतमा फोरमका रामेश्वर यादव (मास्टरसाहेब), गणेश यादव, नन्दकिशोर साह, अमर यादवलगायतका नेताहरुसँग भेटभयो । म भारतमा हुँदा यता काठमाडौस्थित मेरो डेरामा वाइसीएलहरुले आगो लगाउन गएको थियो । मेरै डेरामा उपेन्द्र यादव पनि बस्नु हुन्थ्यो । आक्रोशित वाइसिएल त्यहाँ पुगेका थिए तर मेरो छोरीले मातृका यादवलाई फोन गरेपछि मधेशी वाइसीएल त्यहाँ गएपछि त्यहाँ घरमा आगो लगाएको थिएन । गौर घटनापछि फोरम नेपालको बैठक बस्यो । त्यो बैठकमा ममाथि आरोप लाग्यो कि गौर घटना बीपी यादवले गराउनु भएको हो । त्यसले गर्दा पार्टीको क्षति भएको हो । कारवाही गर्नुपर्छ भनि कुरा उठ्यो । यस्तै भाषा उपेन्द्र यादवको पनि थियो । मलाई कारवाही गर्नुस् तर त्यो विज्ञप्तिमा उल्लेख गर्नुस् कि गौर घटनाका कारण बीपी यादवलाई कारवाही गरिएको हो भनि भने । त्यसपछि उपेन्द्र यादव मलाई कारवाही गर्नबाट पछि हट्नुभयो । तर आज उपेन्द्र यादवलाई नेता बनाउनेहरु कहाँ छन् ?

**एमपक्स संक्रमणबाट बचौं र बचाऔं**

- विदेशबाट आउने जो कोहिमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराऔं,
- ज्वरो आउने, टाउको दुख्ने, शरिर सुन्निने, ढाड दुख्ने मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्,
- त्यस्ता लक्षण देखा परे स्वास्थ्य परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै सङ्क्रामक रोग भएकाले सङ्क्रमण हुनासाथ आइसोलेसनमा बसौं,
- घना वस्ती र सहरी क्षेत्रमा यसको सङ्क्रमण छिटो वढ्ने भएकाले सचेतना बढाऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

**तौल पूर्ण, सुरक्षा सम्पूर्ण**

- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं,
फोनः ४२८६८१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेलः metro@stcnepal.com



साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार